# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २४६ | काठमाडौं | सोमबार, २१ पुस २०८२ | Prabhab National Daily | Monday, 05 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**मतदानमा सहभागी बनौं ।**

- मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो ।
- मतदाताको अधिकारलाई जिम्मेवारीपूर्वक निर्वाह गरौं ।
- मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको एकिन गरौं ।
- मतदान स्थल, केन्द्र र समयको बारेमा जानकारी राखौं ।
- मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्यरूपमा लिएर जाऔं ।
- दबाब र प्रभावमा परी मतदान नगरौं ।
- व्यक्तिगत विवेकका आधारमा मतदान गरौं ।
- अस्वस्थ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं ।
- सामाजिक सद्भाव, शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं ।
- राष्ट्रिय हित, विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मादुरो अपहरणको विश्वभरबाट निन्दा

- चीन, रूस, उत्तर कोरिया, कोलम्बिया, जर्जिया, स्पेन, मलेसिया, पानामाका सरकार प्रमुखहरूले गरे अमेरिकी कदमको निन्दा
- नेपालका वामपन्थी दलहरूद्वारा कडा शब्दमा विरोध गर्दै मादुरोलाई तत्काल रिहा गर्न माग
- संयुक्त राष्ट्रसंघले घटना भएको तेस्रो दिनका लागि डाक्यो आपत्कालीन बैठक
- अमेरिकाले १५० भन्दा बढी सैन्य हेलिकप्टरहरू प्रयोग गरी मादुरोलाई कब्जामा लिएको घटनामा बमबारीमा परी ४० जनाको मृत्यु



■ प्रभाव संवाददाता

**काठमाडौं–** अमेरिकाले भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरोलाई कब्जामा लिएर बन्धक बनाएको घटनाप्रति विश्वका नेताहरूले निन्दा व्यक्त गरेका छन् । स्थानीय समयअनुसार शनिबार बिहान २ बजे मादुरो र उनकी श्रीमती सोलिया फ्लोरेसलाई अमेरिकी सेनाले कब्जा गरी न्युयोर्क पुऱ्याइ बन्धक बनाएपछि विश्वका नेताहरूले निन्दा गरेका हुन् ।

चीनले यो घटनालाई कडा शब्दमा निन्दा गरेको छ । चीन सरकार भेनेजुएलाको पछिल्लो घटनाप्रति 'गम्भीररूपमा स्तब्ध' भएको र यस कारबाहीको विपक्षमा रहेको चिनियाँ विदेश मन्त्रालयले जनाएको छ । चीनले मादुरोलाई तत्काल मुक्त गर्न आग्रहसमेत गरेको छ । 'चीन अमेरिकालाई राष्ट्रपति मादुरो र उनकी श्रीमतीको व्यक्तिगत सुरक्षा सुनिश्चित गर्न, उनीहरूलाई तुरुन्तै रिहा गर्न, भेनेजुएलाको शासनलाई उल्टयाउन बन्द गर्न तथा वार्ता र संवादबाट समस्या समाधान गर्न आग्रह गर्दछ,' आइतबार विज्ञप्ति जारी गर्दै चीनले भनेको छ ।

यसैगरी रुसले यसखाले घटनाले चिन्तित बनाएको जनाएको छ । रुसको विदेश मन्त्रालयले टेलिग्राम च्यानलमा एक विज्ञप्ति पोस्ट गर्दै भेनेजुएलामाथि अमेरिकाले गरेको 'सशस्त्र आक्रमण' को निन्दा गरेको छ । रुसी मन्त्रालयद्वारा जारी विज्ञप्तिमा आक्रमणबाट रूस 'अत्यन्त चिन्तित' भएको र तत्काल स्पष्टीकरण' दिन आग्रह गरिएको छ ।

यता उत्तर कोरियाले भने अमेरिकाको यो कदमलाई गुण्डागर्दीको संज्ञा दिएको छ । उत्तर कोरियाको विदेश मन्त्रालयले भनेको छ, 'अमेरिकाको यो कारबाही कुनै पनि देशको स्वतन्त्रता र सार्वभौमिकतामाथि सबैभन्दा गम्भीर आक्रमण हो ।'

अमेरिकाकी पूर्वउपराष्ट्रपति कमला हचारिसले ट्रम्पको कदमलाई मूर्खतपूर्ण भएको बताएकी छन् । 'भेनेजुएलामा डोनाल्ड ट्रम्पको कदमले अमेरिकालाई सुरक्षित, बलियो वा दीर्घाकालीन बनाउँदैन, मादुरो एक क्रुर, अवैध तानाशाह हुन् भन्दैमा यो कदम गैरकानुनी र मूर्खतापूर्ण थियो भन्ने तथ्यलाई परिवर्तन गर्दैन,' सामाजिक सञ्जाल एक्समा हचारिसले लेखेकी छन् ।

क्रमशः पृष्ठ २ मा

# जाँचबुझ आयोगलाई ओलीले दिए लिखित बयान

## प्रतिवेदन तयारीमा लाग्यो आयोग

- बयान नदिने अडानबाट पछि हटे ओली
- बयान अध्ययन गरेर स्थानहदबारे आयोगले निर्णय लिने
- राजनीतिक नेतृत्वहरूसँग पनि बयान सकियो
- बयानहरूको अध्ययन र विश्लेषण गरी आयोगले प्रतिवेदन तयार गर्ने



केपी शर्मा ओली



गौरीबहादुर कार्की

■ जेबी योञ्जन

**काठमाडौं–** तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गत २३ र २४ भदौमा भएको जेन-जी विद्रोहको सत्य तथ्य छानबिन गर्न गठित जाँचबुझ आयोगलाई बयान दिएका छन् । आयोगका प्रवक्ता विज्ञानराज शर्माले ओलीले लिखित बयान दिएको बताए ।

'हामीले उहाँलाई बयानका लागि पत्र काटेका थियौं । पुऱ्याउन जाँदा उहाँले हामीलाई लिखित बयान दिनुभयो र लिएर आयौं,' उनले प्रभावसँग भने ।

आयोगको टोली पत्रसहित आइतबार बेलुकी ओलीनिवासमा पुगेको थियो । ओलीनिकट एक नेताका अनुसार ओलीले त्यही टोलीलाई आफ्नो कुरा राखेर पठाउने पहिल्यै समझदारी बनिसकेको थियो । पूर्वसमझदारीअनुसार नै ओलीले जेन-जी विद्रोहमा भएका घटनाबारे लिखित जवाफ तयार गरेका थिए ।

सोही लिखित बयान उनले टोलीलाई थमाएका हुन् । यसअघि आफू जाँचबुझ आयोगको कार्यालयमा बयान दिन नजाने बताउँदै आएका ओली आफ्नै निवासमा आए भने आफ्नो कुरा राख्न तयार भएका थिए । त्यसपछि आयोगको टोली लचक भएर पत्र पुऱ्याउने र लिखित बयान पनि लिनेगरी ओली निवास जाने निर्णयमा पुगेको बताइएको छ ।

उसो त ओली जाँचबुझ आयोगलाई बयान दिन तयार नै थिएनन् । उनले गौरीबहादुर कार्की नेतृत्वको आयोगको विश्वसनीयता र निष्पक्षतामाथि प्रश्न उठाएका थिए । खासगरी आयोग अध्यक्ष हुनुअघि कार्कीले जेन-जी विद्रोहको पहिलो दिन २३ भदौमा सरकारी दमन भएको भन्दै तत्कालीन प्रधानमन्त्री ओली, गृहमन्त्री रमेश लेखक, प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङलगायतलाई जेल कोच्नुपर्ने भन्दै कडा शब्दमा आलोचना गरेका थिए ।

उनै कार्की जाँचबुझ आयोगको अध्यक्ष भएपछि ओलीले बयान नदिने र पहिल्यै निष्कर्ष सुनाइएको भन्दै सोहीअनुसार कारबाही सिफारिस गर्न चुनौती दिएका थिए । यसबीच प्रहरी परिचालन गरेर भए पनि बयानका लागि ओलीलाई गुण्डुबाट नियन्त्रणमा लिने सरकारले तयारी गरेको विवरण सार्वजनिक भयो । त्यसपछि ओली झनै बिच्किए । आयोगले जबरजस्ती

> हामीले उहाँलाई बयानका लागि पत्र काटेका थियौं । पुऱ्याउन जाँदा उहाँले हामीलाई लिखित बयान दिनुभयो र लिएर आयौं ।
>
> ■ **विज्ञानराज शर्मा**
> प्रवक्ता, जाँचबुझ आयोग

बयान लिए बन्दै गरेको चुनावी माहोल बिग्रिने आशंकासमेत गरिएको थियो । त्यसैले सरकारले आवश्यक वातावरण बनाउने प्रतिबद्धता जनाएको थियो । सोहीअनुसार आयोगले पनि लचकता अपनाएको जानकारहरू बताउँछन् ।

ओलीनिकट एमालेसचिव महेश बस्नेतका अनुसार हालै राष्ट्रपति रामचन्द्र पौडेलको संयोजनमा प्रधानमन्त्री सुशीला कार्की, कांग्रेस सभापति शेरबहादुर देउवा, अध्यक्ष ओली र नेकपा संयोजक पुष्पकमल दाहालबीच शीतलनिवासमा भेटवार्ता भयो । त्यसपछि प्रधानमन्त्री कार्कीले देउवा, ओली र दाहालसँग संवाद गरिन् । त्यहाँ भएको संवादले अन्ततः बयान लिने वातावरण बनेको हो ।

ओलीको बयानसँगै अब राजनीतिक र सुरक्षा क्षेत्रका अधिकारीहरूसँगको बयान आयोगले लिइसकेको छ । यसअघि आयोगले गृहमन्त्री रमेश लेखकको बयान लिएको थियो । पूर्वगृहसचिव गोकर्णमणि दुवाडी, प्रधानसेनापति अशोकराज सिग्देल, प्रहरी महानिरीक्षक दानबहादुर कार्की, पूर्वप्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङ, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छवि रिजाललगायतसँग बयान लिएको थियो ।

विद्रोहको बेला फिल्डमा खटिएका सबै सुरक्षाकर्मीसँग पनि आयोगले बयान लिएको छ । आयोगले अब बयानको आधारमा सत्य तथ्य अन्वेषण गर्ने प्रवक्ता शर्माले बताए । उनले त्यसको आधारमा प्रतिवेदन तयार गरेर घटनामा संलग्नहरूलाई कारबाहीको सिफारिस गर्ने पनि जानकारी दिए । बयान लिएकाहरू २३ भदौमा भएको जेन-जी विद्रोह दबाउने सन्दर्भमा संलग्न छन् कि छैनन् ? सत्यको निरूपण गर्ने कार्यादेश आयोगलाई छ ।

राष्ट्रिय मानवअधिकार आयोगले पनि यसबारे अध्ययन गरिरहेको छ । आयोगले तत्कालीन प्रधानमन्त्री ओलीसहित सरोकारवालाहरूको बयान लिइसकेको छ । काठमाडौंका प्रमुख बालेन साह, जेन-जी अगुवा दाबी गर्ने मिराज ढुंगानालगायतसँग पनि आयोगले बयान लिएको छ । उनीहरू विद्रोहको दोस्रो दिन २४ भदौमा भएको विध्वंशसँग जिम्मेवार रहेको आलोचकहरूको टिप्पणी छ । विद्रोहकै जगमा तत्कालीन दुईतिहाइको ओली सत्ता ढलेको थियो ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# 'जेन-जी हेल्प डेस्क'देखि 'स्पेसल टास्क फोर्स' स्थापना गरेर काम गर्दै श्रममन्त्री भण्डारी

■ ममता थापा

**काठमाडौं–** जेन-जी आन्दोलनको बलमा बनेको वर्तमान सरकारमा तीन साताअघि मात्र नियुक्त भएका हुन् श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारी । जेन-जी आन्दोलनको म्याण्डेटअनुसार काम गर्ने जिम्मेवारी पाएका उनले सुरुमै गरेको एउटा निर्णयले सकारात्मक सन्देश दियो । जुन निर्णय थियो, वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण शुल्कवृद्धि गर्ने निर्णय खारेजी ।

भण्डारीलाई श्रममन्त्री नियुक्त गर्नुअघि प्रधानमन्त्री सुशीला कार्की स्वयंले मन्त्रालयको कार्यभार सम्हाल्दै आएकी थिइन् । त्यही बेला स्वास्थ्य व्यवसायीहरूको स्वार्थमा कामदारलाई भार पर्नेगरी शुल्कवृद्धिको निर्णय भएको थियो । यद्यपि, तत्काली श्रमसचिव कृष्णहरि पुष्करले प्रधानमन्त्री कार्कीलाई झुक्याएर सो निर्णय गराएको खुलेको छ । सोही प्रकरणपछि सचिव पुष्करलाई श्रमबाट हटाएर उपराष्ट्रपति कार्यालयमा पठाइएको थियो । भण्डारी मन्त्री नियुक्त भएपछि उक्त निर्णय खारेज गरिदिएका थिए ।

मन्त्री भण्डारीले वैदेशिक




रोजगारीलाई कसरी व्यवस्थित, परदर्शी र मर्यादित बनाउन काम गर्ने बताउँदै आएका छन् । यसका लागि आवश्यक प्रक्रियाका लागि मन्त्रालयले काम गरिरहेको बताइएको छ । वैदेशिक रोजगारीमा भइरहेका गलत अभ्यासलाई नियन्त्रण गर्नतर्फ अध्ययनमा केन्द्रित भएको मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

श्रममन्त्री भण्डारीले गत पुस ३ गते अन्तर्राष्ट्रिय आप्रवासी दिवसका अवसरमा 'स्पेसल टास्क फोर्स' (विशेष कार्यदल) बनाएर वैदेशिक रोजगारीमा भइरहेको ठगी नियन्त्रण गर्ने घोषणा गरेका थिए । उक्त 'टास्क फोर्स'मा तत्काल जनशक्ति आउने मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले बताए । विभिन्न निकायबाट आउने टोलीले वैदेशिक रोजगार विभागमा रहेर काम गर्ने उनको भनाइ छ ।

'आज भोलि नै स्पेसल टास्क फोर्समा जनशक्ति आउँछन् । उक्त टोलीमा वैदेशिक रोजगार विभाग, सुरक्षा निकाय, श्रम मन्त्रालयको सम्बन्धित महाशाखालगायतबाट १५ जनासम्मको टोली तयार हुने छ,' प्रवक्ता घिमिरेले भने, 'त्यसपछि विभागमा राखेर परिचालन गर्ने, पीडित पक्षका गुनासा सुन्ने, मुद्दा मामिला, उजुरीहरू फर्स्योट गर्ने तथा अध्ययन अनुसन्धानमा सघाउने छ । यसले पीडित पक्षको समस्या समाधानलाई छिटो छरितो बनाउँछ । उनीहरू विभिन्न निकाय धाइराख्न पर्दैन ।'

रोजगारीका लागि विदेसिने श्रमिकको श्रम स्वीकृतिदेखि संस्थागत तथा व्यक्तिगत ठगीका हजारौं उजुरी, इजाजत प्राप्त संस्थाको अनुगमन, संस्था दर्ता, नवीकरण लगायत धेरै कामकारबाहीको जिम्मा पाएको विभाग स्वयंले सेवाग्राहीलाई दुःख दिने गरेको गुनासो छ । टास्क फोर्समा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) समेतको संलग्नता रहने बताइएको छ । विभागमार्फत श्रमिकलाई दुःख दिने जुनसुकै निकाय, व्यक्ति या कर्मचारीलाई समेत कारबाहीको दायरामा ल्याउने भनिएकाले टास्क फोर्सले कसरी काम गर्छ भनेर चासोका साथ हेरिएको छ ।

साथै, वैदेशिक रोजगारीमा देखिएका गलत अभ्यासहरू, रोजगारीमा जाने नागरिकलाई झण्झट नहुनेगरी सेवा प्रवाह गर्ने, राष्ट्रिय श्रम आप्रवासन नीतिको कार्यान्वयन गराउने सम्बन्धमा अध्ययन गराउने र रोजगारीका अवसरहरू कुन-कुन मुलुकमा छन् भनेर ट्रेण्ड अध्ययन गर्नेजस्ता काममा केन्द्रित हुने मन्त्री भण्डारीको तयारी रहेको प्रवक्ता घिमिरेले बताए ।

क्रमशः पृष्ठ २ मा

# श्रम संस्कृति पार्टीका उपाध्यक्ष लामाविरुद्ध १२ वर्ष कैद माग

- देवराज लामाविरूद्ध विष्फोटक पदार्थसम्बन्धी मुद्दा अदालतमा
- १२ वर्ष कैद र एक लाख २० हजार जरिवाना मागदाबी
- डेढ किलो गन्धक र १४ किलो सोडा पदार्थ बरामद भएको अभियोग
- लामाद्वारा अभियोग स्वीकार



■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम संस्कृति पार्टीका निलम्बित उपाध्यक्ष देवराज लामाविरुद्धको विष्फोटक पदार्थसम्बन्धी मुद्दा अदालतमा पुगेको छ । प्रहरीले अनुसन्धान प्रतिवेदनमा दिएको रायको आधारमा आइतबार जिल्ला सरकारी वकिल कार्यालय पाँचथरले जिल्ला अदालतमा आरोपपत्र दायर गर्दै उनलाई दुई फरक कसुरमा १२ वर्ष कैद सजाय मागदाबी गरेको छ ।

कार्यालयले आइतबार दायर गरेको आरोपपत्रमा दुईवटा मुद्दामा गरी एक लाख २० हजार रूपैयाँ जरिवानाको पनि मागदाबी गरेको छ । विष्फोटक पदार्थ ऐन, २०१८ को दफा १० को उपदफा १ को (क) र मुलुकी अपराध संहिता, २०७४ को दफा १३९ को उपदफा २ को (क) बमोजिमको कसुर लामाले गरेको अभियोग छ ।

पहिलो कसुरमा उनलाई दुई वर्ष कैद वा २० हजार रूपैयाँसम्म जरिवाना वा दुवै हुने कानुनी व्यवस्था छ । दोस्रो कसुरमा १० वर्ष सजाय वा एक लाख रूपैयाँ जरिवानाको प्रावधान छ । आरोपपत्रमा उनी १२ असार २०६९ मा पाँचथरको लुङ्रूपाको भुसपातेस्थित गोठबाट पक्राउ पर्दा त्यसबेला प्रहरीले उनको साथमा विष्फोटक पदार्थ गन्धक डेढ किलो र सोडा पदार्थ १४ किलो फेला पारी बरामद गरेको उल्लेख छ ।

क्रमशः पृष्ठ २ मा

## कहाँ कति सजाय ?

देवराज लामाविरुद्ध काठमाडौं जिल्ला अदालतले बम विष्फोट घटनामा कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग मुद्दामा १५ वर्ष कैद सजाय फैसला गरेको थियो । तर, सात वर्ष ११ महिना कैद भुक्तान गर्दा ७ फागुन २०७७ मा प्रजातन्त्रको दिवसमा उनी कैद छुट पाएर रिहा भए ।

काठमाडौं अदालतमै दर्ता भएको चन्दा असुलीमा एक वर्ष दुई महिना कैद भुक्तानी गरे । धादिङको बम विष्फोटसम्बन्धी मुद्दामा उनले सफाइ पाएका थिए । राप्रपा पार्टी कार्यालयमा बम राखेको मुद्दामा पनि उनले उन्मुक्ति पाए ।

यसपछि उनी पछिल्ला दिनमा घर व्यवहारमा थिए । धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङले श्रम संस्कृति पार्टी दर्ता गर्दा उनी उपाध्यक्ष भए ।

क्रमशः पृष्ठ २ मा

**पृष्ठ १ बाट क्रमशः**

## जाँचबुझ...

त्यसपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा २७ भदौमा नागरिक सरकार गठन भयो । सोही सरकारले जेन-जी विद्रोहको छानबिन गर्न कार्की आयोग बनाएको हो । आयोगले तीन महिनापछि मात्रै विद्रोहको बेला प्रधानमन्त्री रहेका ओलीसँग बयान लिन सकेको हो । ओलीको बयानसँगै अब बयानको काम सकिएको र प्रतिवेदन लेखनमा केन्द्रित हुने जाँचबुझ आयोगका एक सदस्यले बताए ।

■■■

## मादुरो...

कोलम्बिया, जर्जिया, स्पेन, मलेसिया, पानामाका सरकार प्रमुखहरूले अमेरिकी कदमको कडा शब्दमा निन्दा गरेका छन् । उक्त घटनामा अमेरिकाले १५० भन्दा बढी सैन्य हेलिकप्टर प्रयोग गरी मादुरोलाई कब्जामा लिएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बताएका छन् । राजधानी काराकासमा भएको बमबारीमा परी ४० जनाको मृत्यु भइसकेको न्युयोर्क टाइम्सले जनाएको छ । उक्त घटनामा मादुरोको सुरक्षामा खटिएकाहरूको सामूहिक हत्यासमेत भएको अलजजिरा अनलाइन संस्करणले उल्लेख गरेको छ ।

### संयुक्त राष्ट्रसंघ मूकदर्शक

अमेरिकाले भेनेजुएलामाथि आक्रमण गर्दा संयुक्त राष्ट्रसंघ भने मूकदर्शक बनेको छ । आफ्नो सदस्य राष्ट्रमाथि शक्तिशाली राष्ट्रले यस्तो कदम चाल्दा संयुक्त राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेरेसले उनको सचिवालयमार्फत वक्तव्य जारी गर्दै यो चिन्ताको विषय भएको बताएका छन् ।

महासचिव गुटेरेसका प्रवक्ता स्टेफन डुजारिकले एक वक्तव्य जारी गर्दै भेनेजुएलामाथिको अमेरिकी आक्रमणपछि क्षेत्रीयस्तरमा गम्भीर र चिन्ताजनक असर पर्ने उल्लेख गरेका छन् । यो घटनाले 'खतरनाक नजिर स्थापित' गर्न सक्ने उनको निष्कर्ष छ । महासचिव गुटेरेसले सबै पक्षबाट संयुक्त राष्ट्रसंघको बडापत्रसहित अन्तर्राष्ट्रिय कानुनको पूर्णसम्मान हुनुपर्ने जनाएको उक्त वक्तव्यमा भनिएको छ । तर शनिबार अमेरिकाले मादुरो बन्धक बनाइसकेपछि राष्ट्रसंघले सोमबारका लागि आपत्कालीन बैठक डाकेको छ ।

### नेपालमा वामपन्थी दलद्वारा कडा शब्दमा विरोध,

### कांग्रेस र रास्वपा मौन

पूर्वप्रधानमन्त्री झलनाथ खनालले यो घटना अन्तर्राष्ट्रिय कानुनलाई खिल्ली उडाउने कार्य भएको उल्लेख गर्दै निन्दा गरेका छन् । 'यो भेनेजुएलाको सार्वभौम सत्ताको ठाडो उल्लंघन हो, अन्तर ाष्ट्रिय कानुनलाई खिल्ली उडाउने कार्य हो र अत्यन्त लज्जास्पद ढंगले गरिएको घोर अपराधपूर्ण कार्य हो । म हाम्रो पार्टी र सम्पूर्ण नेपाली जनताको तर्फबाट यो निर्लज्ज अमेरिकी कारबाहीको कडा शब्दमा निन्दा र भत्सना गर्दछु,' आइतबार विज्ञप्ति जारी गर्दै खनालले भनेका छन् ।

अर्का पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले विश्व समुदायले कडा शब्दमा विरोध गर्नुपर्ने बताएका छन् । 'संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र भेनेजुएलामाथि अमेरिकाले गरेको नांगो आक्रमण र त्यहाँका राष्ट्रपतिको अपहरण संयुक्त राष्ट्रसंघले स्थापित गरेको अन्तर ाष्ट्रिय प्रणाली र अन्तर्राष्ट्रिय कानुनको भद्दा उल्लंघन हो । यसको सबै सार्वभौम राष्ट्रहरूले र विश्व जनसमुदायले कडा शब्दमा विरोध र भर्त्सना गर्नुपर्छ,' शनिबार उनले फेसबुकबाट भनेका छन् ।

नेकपा एमालेका महासचिव शंकर पोखरेलले सभ्य समाजका लागि यस्तो आक्रमण स्वीकार्य नहुने बताएका छन् । 'संयुक्त राष्ट्रसंघलगायत विश्व संस्थाहरूको औचित्य नै समाप्त गर्ने गरी कुनै एउटा देशका जननिर्वाचित राष्ट्र प्रमुखलाई अर्को देशको राष्ट्र प्रमुखको आदेशमा सैन्य हस्तक्षेपमार्फत नियन्त्रणमा लिने र अभियोग लगाउने कार्य संयुक्त राष्ट्रसंघको बडापत्रको ठाडो उल्लंघन हो,' आइतबार सामाजिक सञ्जाल फेसबुकमार्फत पोखरेलले भनेका छन्, 'यस्तो कदम आधुनिक विश्व र सभ्य समाजका लागि स्वीकार्य विषय हुन सक्दैन, हुनु पनि हुँदैन ।'

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले एक विज्ञप्ति जारी गर्दै भेनेजुएलामाथिको अमेरिकी आक्रमण अन्तर ाष्ट्रिय कानुन, संयुक्त राष्ट्रसंघको बडापत्र तथा विश्व शान्तिका आधारभूत मान्यताहरूको ठाडो उल्लंघन भएको जनाएको छ । आइतबार नेकपाका नेता गणेशमान पुनले वक्तव्य जारी गर्दै मादुरोलाई विनासर्त रिहाइको मागसमेत गरेका छन् । 'हामी राष्ट्रपति मादुरोलाई विनासर्त रिहा गर्न जोडदार माग गर्दछौं । भेनेजुएलाका जनतालाई आफ्नो राजनीतिक, आर्थिक तथा सामाजिक भविष्य आफैं तय गर्ने पूर्ण, अविच्छिन्न र सार्वभौम अधिकार छ,' वक्तव्यमा भनिएको छ । नेकपाले विश्वका सबै शान्तिप्रेमी शक्तिहरू, उत्पीडित राष्ट्र, वर्ग र समुदायका प्रगतिशील आन्दोलनहरू तथा सार्वभौमिकताको पक्षमा उभिने राष्ट्रहरूलाई भेनेजुएलाका जनताको समर्थनमा एक जुट हुन आह्वानसमेत गरेको छ ।

यसैगरी नेकपा माओवादीका महासचिव नेत्रविक्रम चन्दले अमेरिकी हस्तक्षेपबाट आफू स्तब्ध भएको जनाएका छन् । 'अमेरिकाले जे सुकै बहाना बनाए पनि यो समाजवादी भेनेजुएलामाथि फरक विचार र सत्ता सञ्चालनकै कारण गरिएको साम्राज्यवादी-सैन्यवादी हस्तक्षेप हो । यसरी फरक विचार र सत्ताका कारण हमला गर्नु भनेको राष्ट्रको सार्वभौमिकता, राजनीतिक स्वतन्त्रता, विचार स्वतन्त्रता, प्रतिस्पर्धा र मानवअधिकारको ठाडो उल्लंघन गर्नु हो । हाम्रो जोड्दार माग छ कि अमेरिकाले यथाशीघ्र आक्रमण रोक्नुपर्छ,' उनले भनेका छन् । चन्दले समस्याको समाधान वार्ता र सहमतिबाट खोज्नुपर्ने जनाएका छन् । जनार्दन शर्मा नेतृत्वको दल प्रगतिशील लोकतान्त्रिक पार्टीले पनि यो घटनाको विरोध गरेको छ । पार्टीले शनिबार विज्ञप्ति जारी गरी भनेको छ, 'अमेरिकी सरकारको यो कदम सार्वभौम सम्पन्न भेनेजुएलाका आमजनताको आत्मनिर्णयको अधिकारको बिलकुलै विपरीत छ ।'

साथै, भेनेजुएलाका सार्वभौमसत्ता सम्पन्न आमजनताप्रति दृढ ऐक्यबद्धता व्यक्त गर्दै विज्ञप्तिमा भनिएको छ, 'बाह्य दबाब र हस्तक्षेपविना आफ्नै राजनीतिक, आर्थिक र सामाजिक भविष्य निर्धारण गर्ने पूर्णअधिकार छ । प्रगतिशील लोकतान्त्रिक पार्टी साम्राज्यवादविरुद्ध उभिएका र लोकतन्त्र, स्वाधीनता तथा सामाजिक न्यायका लागि संघर्षरत सबै जनताको पक्षमा दृढतापूर्वक उभिने छ ।'

आइतबार काठमाडौंस्थित अमेरिकी दूतावास अगाडि भेनेजुएलामा अमेरिकी सैन्य हस्तक्षेपविरुद्ध संयुक्त विद्यार्थी संगठनले प्रदर्शन गरेका थिए । उनीहरूले तेलका लागि राति रगतको राजनीति नगर्न भन्दै अमेरिकी नियन्त्रणमा रहेका राष्ट्रपति मादुरो दम्पतीलाई रिहा गर्न माग गरेका थिए । यसरी चौतर्फी विरोध हुँदा नेपाली कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टीले भने यसबारे कुनै प्रतिक्रिया दिएको छैन ।

■■■

## जेन-जी हेल्प...

यसका लागि मन्त्रालयका अधिकारीहरूले यस क्षेत्रको हालको अवस्थाबारे मन्त्री भण्डारीलाई बिफ्रिङ गरिसकेका छन् ।

मन्त्री भण्डारीको नेतृत्वमा मन्त्रालयले सुधारको काम थालिसकेको प्रवक्ता घिमिरे बताउँछन् । इराकमा अप्ठ्यारोमा रहेका नेपालीहरूलाई श्रम स्वीकृति दिएर नेपाल आउजाउ गर्न सहज बनाएको, रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षणको शुल्कवृद्धिसन्धी निर्णय खारेज गरेको र मन्त्रालयमा 'जेन-जी हेल्प डेस्क' सञ्चालनजस्ता महत्त्वपूर्ण काम गरेको उनले बताए । उक्त हेल्प डेस्कले जेन-जी आन्दोलनका घाइते र मृतक परिवारका सदस्यलाई कसरी आन्तरिक रोजगारीमा जोड्ने भन्ने काम गर्ने जनाइएको छ । सकेसम्म आन्तरिक रोजगारीलाई नै प्राथमिकता दिए पनि विदेश जान खोज्नेहरूलाई पनि हेल्प डेस्कले सहयोग गर्ने मन्त्रालये जनाएको छ ।

■■■

## श्रम संस्कृति ...

यो अभियोग प्रमाण र आरोपी लामाको बयानबाट स्थापित भएको आरोपत्रमा भनिएको छ । 'मिति २०६९-०३-१२ गते जिल्ला पाँचथर फिदिम नगरपालिका वडा नं. १३ मा प्रतिवादी कुमार, विश्वक्रान्ति, देवराज लामा भन्ने राजकुमार तामाङ (लामा)को साथबाट अवैध विष्फोटक पदार्थ गन्धक र सोडा पदार्थसहित फेला परी बरामद भएको देखिँदा निज प्रतिवादी कुमार, विश्वकान्ति, देवराज लामा भन्ने राजकुमार तामाङ (लामा)ले विष्फोटक पदार्थसम्बन्धी कसुर गरेको वारदात स्थापित हुन आयो,' आरोपपत्रमा छ ।

उपाध्यक्ष लामा हाल जिल्ला प्रहरी कार्यालय पाँचथरको हिरासतमा छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) टोलीले लामालाई यही १ पुसमा काठमाडौंको कपनस्थित उनकै घरबाट पक्राउ गरेको थियो । उनी पाँचथर प्रहरीको फरार सूचीमा थिए । त्यहाँ उनीविरुद्ध १३ वर्ष पुरानो विष्फोटक पदार्थसम्बन्धी मुद्दा थियो । सोही मुद्दामा पक्राउ परेका हुन् ।

लामा पहिलोपटक २०६७ को जेठ तेस्रो साता काठमाडौंको बौद्ध क्षेत्रमा बस्ने लकु शेर्पासँग चन्दा असुली गरेको आरोपमा पक्राउ परेका थिए । यो मुद्दामा उनी केन्द्रीय कारागार सुन्धारामा एक वर्ष दुई महिना थुनामा बसे ।

उनका अनुसार त्यहीबेला आफू प्रवक्ता भएको संयुक्त जातीय मुक्ति मोर्चाका कार्यकर्ताहरूले धादिङको विभिन्न छ स्थानमा बम विष्फोट गरेपछि अर्को मुद्दा थपियो । फेरि कार्यकर्ताहरूले १७ फागुन २०६७ मा काठमाडौंस्थित राप्रपाको पार्टी कार्यालयमासमेत सकेट र सुतली बम राखेको र सो घटनामा पनि आफूमाथि विष्फोटक पदार्थ मुद्दा दर्ता भएको लामाको बयान छ ।

त्यसपछि आफू घर चुनवाङमा भाइको बिहेका लागि जाँदा काठमाडौंको आयल निगम र जिल्ला अदालत काठमाडौंको बीचमा १५ फागुन २०६८ मा भएको टाइम बम विष्फोट गराएको र घटनामा परी तीनको मृत्यु भएपछि आफू प्रहरीको निसानामा परेको उनको भनाइ छ । उनका अनुसार बम विष्फोट आफ्नै पार्टीका कार्यकर्ताहरूले गरेका थिए । त्यही भएर आफूले प्रवक्ताको हैसियतले विज्ञप्ति जारी गरेर घटनाको जिम्मा लिएको खुलाएका छन् ।

सोही घटनामा उनलाई काठमाडौं जिल्ला अदालतमा कर्तव्य ज्यान र कर्तव्य ज्यान उद्योगसम्बन्धी कसुरमा मुद्दा दायर भएको बताए । लगत्तै प्रहरी उनको खोजीमा रहेको जानकारी आएपछि आफू फरार भएको बयानमा भनिएको छ । बयानमा छ, 'झापा हुँदै भागेर पाँचथरको च्याङ्थापु पुगेँ । त्यसपछि बीचबाटो हुँदै लुङ्रूपाको जरिबुट्टे गएर अर्जुन राईको घरमा बसेँ ।'

तर, प्रहरी टोलीले पछ्याएको सुइँको पाएसँगै भागेर भारतको सिक्किम गएर बसेको लामाले बयानमा खुलाएका छन् । त्यहाँ पनि प्रहरी टोलीले खोजिरहेको थाहा पाएपछि नौ असार २०६९ मा लुङ्रूपाको भुसपातेमा नन्दलाल राईको गोठमा बसेको र १२ असारमा पक्राउ परेको बताएका छन् । त्यसबेला प्रहरीले डेढ किलो गन्धक र १४ किलो सोडासहित पक्राउ गरेको स्वीकारेका छन् । उनलाई प्रहरीले १३ असार २०६९ मा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर ल्याएको र १४ गते कर्तव्य ज्यान र ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दामा अनुसन्धानका लागि काठमाडौं पठाएका थिए ।

■■■

## कहाँ कति...

उनी श्रम संस्कृति पार्टीको राजनीतिक दस्तावेज तयार गर्ने मूल नेता हुन् । उनलाई संस्कृति, प्रकृति र प्रविधिको त्रिकोणीय संयोजित विचारधारा 'हर्कवाद' को व्याख्याता मानिन्छ ।

उनै लामा ४ पुसमा बुटवलमा हुने भनिएको श्रम संस्कृति पार्टीको कार्यक्रमलाई सम्बोधन गर्न जान काठमाडौं आएको बेला १ पुसमै पक्राउ परे । उनलाई २ पुसमा पार्टी अध्यक्ष साम्पाङले फेसबुकमै स्टाटस लेखेर कानुनी प्रक्रियाबाट सफाइ नपाउञ्जेसम्मका लागि भन्दै निलम्बन गरे ।

# एक वर्षमा तीन लाखभन्दा बढीले अवलोकन गरे पाटन दरबार संग्रहालय

**ललितपुर (प्रस)**– पाटन दरबार संग्रहालय सन् २०२५ मा तीन लाख १३ हजार ३०० पर्यटकले अवलोकन गरेका छन् । संग्रहालयका प्रशासकीय प्रमुख सुरेशमान लाखेका अनुसार सार्क राष्ट्रका ४३ हजार ५३ पर्यटकसहित कूल एक लाख पाँच हजार ३०० विदेशी पर्यटकले संग्रहालयको अवलोकन गरेका हुन् । अघिल्लो वर्ष सन् २०२४ मा भने कूल तीन लाख १८ हजार ३३७ विदेशी पर्यटकले संग्रहालय अवलोकन गरेका थिए । यस आधारमा सन् २०२५ मा पर्यटक आगमन अघिल्लो वर्षको तुलनामा केही कमी आएको छ ।

सन् २०२५ मा ४० हजार ४०० नेपाली विद्यार्थी र एक लाख २४ हजार ५५० नेपाली सर्वसाधारणले पाटन दरबार संग्रहालयको अवलोकन गरेका छन् । प्रशासकीय प्रमुख लाखेका अनुसार नेपाली पर्यटकको संख्या हरेक वर्ष बढ्दो क्रममा रहेको छ । उनले भने, 'देशको बदलिँदो परिस्थितिका कारण विदेशी पर्यटकको आगमनमा उतारचढाव देखिए पनि नेपाली पर्यटकको संख्या भने निरन्तर बढिरहेको छ । 'विदेशी पर्यटकको संख्या घट्नुको प्रमुख कारण जेन-जी आन्दोलन र पाटन दरबार क्षेत्रका सडक सुधारका कार्यहरू रहेको प्रशासकीय प्रमुख लाखेले जानकारी दिए ।

---

### श्री मध्य एयर वेश, गौचर ब्यारेक, काठमाडौं

**दरभाउपत्र आव्हानको सूचना**

**सूचना नं. NA/NCB/Goods/MAB/082/83/01**

**(पहिलो पटक सूचना प्रकाशित मिति २०८२/०९/२१ गते)**

१. यस एयर वेशलाई आ.व.२०८२/०८३ मा आवश्यक पर्ने देहायमा उल्लेखित सामाग्रीको e–GP–System को माध्यमबाट खरिद गर्नको लागि यो १५ दिने सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

२. **सिलबन्दी दरभाउपत्र सम्बन्धी विवरण :**

| ठेक्का नं. | कामको विवरण | जमानत रकम रू. | दरभाउपत्र दस्तुर | पेश गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|
| NA/NCB/Goods/ MAB/082/83/01 | Purchase Of Commercial Items For Aircraft | 40,000.00 | 1,000.00 | २०८२/१०/०६ गतेको १२:०० बजे | २०८२/१०/०६ गतेको १३:०० बजे |

३. विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको Website मा राखिएको र थप जानकारीको लागि फोन नं.०१-४११३०७८ र ९८५१३३६५८० मा सम्पर्क गर्नुहोला ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७७/०३/१५ मा दर्ता भएको श्री **रुट्स टु योगा प्रा.लि. (प्रा.लि. नं. २३७५६८)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

# Sotang Rural Municipality
## Office of Rural Municipal Executive
### Sotang, Solukhumbu
### Koshi province, Nepal

## Invitation for Online Bids

### Date of Publication: 2082/09/21 (05/01/2026)

1. Sotang Rural Municipality invites bids for following works as given in table below under national competitive bidding.

| S.N. | Contract No | Description of Work | Bid Security Amount (NPR) | Bid Validity Period | Cost of Bid Document (NPR) | Estimated Amount with VAT and PS | Last Date of Bid Submission | Last Date of Bid Opening | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | 01/SRM/NCB/ GOODS/2082/083 | Linji Kharka Deki Thotney Dhunga Samma ka lagi paiep tatha meter kharid | 164508 /- | 90 days | 3,000.00/- | 7418791.26 /- | 2082/10/22 (05-02-2026) 12:00 PM | 2082/10/22 (05-02-2026) 14:00 PM | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at www.bolpatra.gov.np, Office of Rural Municipal Executive, Sotang, Solukhumbu Ward No. 5, Phone 9841323347 and Website: www.sotangmun.gov.np/ Email: ito.sotangrmun@gmail.com
3. Bidders Information to Deposit the cost of bids Document in bank:

| | |
|---|---|
| **Name of the Bank:** | Agriculture Development Bank, Solukhumbu |
| **Name of the Office:** | **Sotang Rural Municipality Office, Solukhumbu** |
| **Office Code No.** | 801010908 |
| **Office Account No.** | 1125501429939116 (For Bid Document) |
| **Office Account No.** | 1125501429939035 (For Bid Security) |

4. If the Date of purchasing and / or Submission falls on a Government holidays, then the next working day shall be Consider as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. Clients have full right to accept and reject the bid with no justification.

**Acting Chief Administrative Officer**

---

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०९/२१ गते**

यस कम्पनीको मिति २०८२/०९/०३ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **ब्ल्याक डाइमण्ड सलोन**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०९/०६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **ग्ल्यामोरा हेयर एण्ड ब्यूटी (प्रा.लि.नं. ३७७२९५)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

---

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०८२/९/२१ गते

यस कम्पनीको मिति २०८२/८/२० को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी होप एजुकेशनल एकेडेमी प्रा. लि. को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ती तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/९/३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी प्रकृति पाठशाला प्रा. लि. (प्रा. लि. नं. ३८०१३/६२/६३) कायम गरिएको व्यहोरा सम्बन्ध सबैका लागि जानकारी गराईन्छ ।

---

**उदयपुरगढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**उदउपुरगढी, उदयपुर**

**सच्यचाइएको सम्बन्धी सूचना**

यस उदयपुरगढी गाउँपालिका, उदयपुरको मिति २०८२ पुस २० गते प्रभाव दैनिकमा प्रकाशित आर्थिक प्रस्तावको लागि सफल भएको बारे सूचनामा ठेक्का नं. URM/NCB/Works/04-2082/83 Construction and Upgrading of Nepaltar-Udayapurgadhi Darbar Sadak with RCC Pavement works (Chainage 6+000 to 7+00 km) मा बुँदा नं. ६ र ७ मा एउटै बोलपत्रदाताको नाम उल्लेख भई सफल भएको बोलपत्रदाता Moonlight-Santosh-Shubhalaxmi JV, Siddhicharan-2 छुट्न गएको हुँदा सच्याइएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# कामपा–३० मा जोडिए एआईसहितको अत्याधुनिक ‘सिसिटिभी क्यामरा’

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका वडा नम्बर ३० भित्रका विभिन्न स्थानमा दृश्यसँगै तथ्यांक प्रदान गर्ने अत्याधुनिक ‘सिसिटिभी क्यामरा’ जडान गरिएका छन् ।

जडान भएका ती २९ हिकभिजनका क्यामरा एआई प्रविधिमा आधारित रहेका छन् । सूचना प्रविधिका नवीनतम् उपकरण उत्पादन गर्दै आएको चीनको विश्वप्रसिद्ध आइटी कम्पनी ‘हिक भिजन ब्राण्ड’ द्वारा उत्पादित क्यामरा हुन् । अति विकसित सहरमा विशेष गरेर शान्ति सुरक्षा, सडक दुर्घटनालगायत अन्य जानकारीका लागि यस्ता क्यामरा जडान गरेर सहायता लिइन्छ ।

ती क्यामरा ‘एआई’ प्रविधिमा आधारित ‘ओपन नेटवर्क भिडियो इन्टरफेस फोरम’ (ओएनभिआइएफ) प्रोटोकलका भएका ‘हिक भिजन ब्राण्ड’ को नेपालको आधिकारिक राष्ट्रिय वितरक म्याक्सिमा मल्टिनेसन ट्रेडिङ प्रालिका प्रबन्ध निर्देशक प्रमोदकुमार अधिकारीले जानकारी दिए । उनका अनुसार आठ ‘मेगापिक्सेल’ र चार ‘मेगाापिक्सेल’का ती क्यामराले ५५० मिटरसम्म दूरीका दृश्यहरू स्पष्टरूपमा खिच्न र कैद गर्न सक्दछन् । अत्याधुनिक ‘बुलेट क्यामरा’ले ६० मिटरसम्मको स्पष्ट दृश्य दिन्छन् ।

उनले भने, ‘इन्बिल्ट एआई फिचर भएका यी क्यामराले सवारीसाधनको नम्बर प्लेट, मानिसको अनुहार, मानिससहित सवारीसाधनको आवतजावत हेर्न, गणना गर्न र स्थिति स्पष्ट देख्न सकिन्छ । साथै, पिटिजेड (स्वचालितरूपमा दायाँबायाँ घुम्ने, तलमाथि सर्ने र जुम इन र जुम आवट) हुने यी क्यामराबाट महत्त्वपूर्ण जानकारी, सूचना प्राप्त गर्न सहज हुने छ ।’ अंग्रेजी नयाँ वर्षको उपलक्ष्यमा हालै आयोजित कार्यक्रममा ती क्यामरा काठमाडौं महानगरपालिका वडा नम्बर ३० को कार्यालयलाई हस्तान्तरण गरिएको म्याक्सिमा मल्टिनेसन ट्रेडिङका निर्देशक कमल तामाङले जानकारी दिए ।

सो अवसरमा काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंले महानगरलाई प्रविधिमैत्री बनाइँदै लगिने नीतिअनुसार महानगरभित्र फाइबर सञ्चालन प्रणाली (ताररहित) बाट सिसिटिभीमार्फत निगरानी गरिने लक्ष्य रहेको जानकारी दिए ।

काठमाडौं महानगरपालिका-३० का वडाध्यक्ष दलबहादुर कार्कीले अब सुरक्षाका अवस्था र अन्य निगरानीका काम सिसिटिभी क्यामरामार्फत निगरानीकक्षबाट गर्न सकिने बताए । वडासचिव देवराज जोशीका अनुसार करिब ७० लाख रूपैयाँ लागतमा नयाँ किरण अल नेपाल जेभीबाट सिसिटिभी जडानका काम गराइएको हो । महानगरीय प्रहरीवृत्त माली गाउँका प्रमुख प्रहरी नायब उपरीक्षक धनबहादुर बोहरा सिसिटिभी क्यामरा तेस्रो आँखा भएको बताए ।

## सुमो दुर्घटनाका घाइतेमध्ये छ जनाको मृत्यु

**काठमाडौं (प्रस)–** हेटौंडा-काठमाडौं जोड्ने भीमफेदी-कुलेखानी-काठमाडौं सडक खण्डअन्तर्गत भीमफेदी गाउँपालिका-६ जुरीखेतस्थित सडकमा आइतबार साँझ भएको सुमो गाडी दुर्घटनामा छ जनाको मृत्यु भएको छ ।

काठमाडौंबाट हेटौंडातर्फ जाँदै गरेको ना१ज १७७८ नम्बरको सुमो गाडी दुर्घटना हुँदा घाइते भएका नौ जनामध्ये छ जनाको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता, प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीले जानकारी दिए । मृतकहरूको सनाखत हुन बाँकी छ । प्रवक्ता बोगटीका अनुसार घाइतेलाई उद्धार गरी उपचारका लागि हेटौंडा अस्पताल पुर्‍याइएको थियो । तीन जनाको भने सोही हेटौंडा अस्पतालमा उपचार भइरहेको छ ।

## धार्मिक सहिष्णुतामा खलल पुर्‍याउनेलाई कारबाही गरिने

**काठमाडौं (प्रस)–** सरकारले धार्मिक सहिष्णुतामा खलल पुर्‍याउन खोज्ने व्यक्ति वा समूहलाई कानुनी कारबाहीको दायरामा ल्याउने जनाएको छ । गृह मन्त्रालयमा आइतबार बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा स्थानीय प्रशासनले समन्वयात्मक भूमिका खेल्दै स्थितिलाई थप बिग्रन नदिन भूमिका खेल्ने, प्रदेश र स्थानीय सरकारलाई पनि यस्तै समन्वयात्मक भूमिकाका लागि अनुरोध गर्ने निर्णय भएको छ ।

बैठकमा विभिन्न धार्मिक समुदाय र एकअर्काका धर्मलक्षित सामाजिक सञ्जालमा गलत र भ्रामक टिप्पणी गर्ने, अर्काको धर्ममा खलल पुर्‍याएका घटनाबारे छलफल भएको मन्त्रालयका प्रवक्ता आनन्द कोइरालाले जानकारी दिए । यसैगरी धार्मिक गतिविधिबारे विस्तृत छलफल गर्न सोमबार गृह मन्त्रालमा मानवअधिकार आयोग, अन्य संवैधानिक आयोग र सुरक्षा निकायसहितको बैठक बस्ने निर्णयसमेत भएको उनले जानकारी दिए ।

प्रवक्ता कोइरालाका अनुसार निर्वाचनको सम्बन्धमा सुरक्षा निकायले गरेका अन्तिम तयारीबारे जानकारी लिने निर्णय भएको थियो । विशेषगरी निर्वाचनको सन्दर्भमा सुरक्षा निकायले हालसम्म गरेका तयारी र मन्त्रालयले गर्नुपर्ने समन्वयबारे पनि छलफल भएको थियो ।


### माइग्रेसन हराएको सूचना

मिति २०८२/०८/१५ गते भक्तपुरदेखि जडिबुट्टीसम्म जाने क्रममा मेरो + 2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : नरेश खतिवडा (Naresh Khatiwoda)
रजिस्ट्रेसन.नं. : ७९३२००११००१८
माइग्रेसन सिम्बोल नं.: २२००११७७
ठेगाना : उदयपुरगढी गा.पा.१, आहाले
सम्पर्क नं. : ९७६५४७३१४४ (जडिबुट्टी, काठमाडौँ)

## कोन्ज्योसोम गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर ।

### सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८२/०९/२१**

यस कार्यालयबाट मिति २०८२/०८/२० गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सिलबन्दी बोलपत्र सूचनानुसार मिति २०८२/०९/०४ गते दिनको १२:०० बजे सम्म दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु मध्ये तपसिलमा उल्लेखित भएका सिलबन्दी बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्विकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐनको दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | कार्यको विवरण | छनौट भएको कम्पनी | कबोल रकम (मु.अ.कर.समेत) रु. |
|---|---|---|---|
| 1 | Road Upgrading Works: 1) Simbhanjyang Tipche Sadak Starounnti. 2) Simbhanjyang Kholsa Niyantran Tatha Hume Pipe Rakhne Karya, Contract Id: KONJYOSOM/NCB/W/082/083-07 | M/S A and B Builders Pvt. Ltd., Kathmandu- 32, Koteshwor | 3,310,622.85 /- |

**प्रमुख प्रशासकीय अधिकृत**

## मलेसियामा रोजगार

कम्पनी : KAWALAN KESELAMATAN PRESTASI MEWAH SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२० | LT. No. 335441 | चलानी नं. ६०२५०१६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1700 | ६०,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस २८ गते (12th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 300/059/60

TRANS WORLD Manpower CO.(P) Ltd.
3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Email: twmanpower@wlink.com.np

## कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(चावहिल काठमाडौं) को नाममा रहेको सम्पत्ति (सवारीसाधन) लिलाम बिक्री सम्बन्धि शिलबन्दी बोलपत्र आव्हान गरिएको ०७ दिने सूचना

**प्रकाशित मिति : २०८२/०९/२१ गते सोमबार**

यस कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(कुमारी बिल्डिङ्ग) चावहिल काठमाडौंको नाममा रहेको तपशिल बमोजिमको सवारी साधन (मोटरसाईकल/स्कुटर) जे-जस्तो अवस्थामा छ सोही अवस्थामा यस कार्यालयले लिलाम बिक्री गर्नुपर्ने भएकोले निम्न शर्तहरू सहित लिलाम सकार गर्न इच्छुक व्यक्ति,फर्म,संस्था वा कम्पनीहरूबाट रीतपुर्वक शिलबन्दी बोलपत्र आवह्‍न गएिकोछ ।

**तपशिल**

| क्र.सं. | सवारी साधन मोटरसाईकल र स्कुटरको बिवरण | बनेको साल | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|
| १. | Avenger 220CR (गाडि नं. बा ९२ प ४०९६) | २०१७ | रु.५००/ |
| २. | Shine (गाडि नं. बा ५४ प ९२६१) | २०१२ | |
| ३. | Shine (गाडि नं. बा ५४ प ९१६२) | २०१२ | |
| ४. | Shine (गाडि नं. ०३५ प ७२१३) | २०२२ | |
| ५. | Pulsar150 (गाडि नं. बा ७७ प २८१९) | २०१६ | |
| ६. | Pulsar150 (गाडि नं. बा ६५ प ६६८५) | | |
| ७. | Scooter९Dio) (गाडि नं. ००१ प ८४३३) | २०१८ | |

**लिलामका शर्तहरू:**

१). शिलबन्दी बोलपत्र आवेदन फारम यस संस्थाको मुख्य कार्यालय चावहिल, काठमाडौंबाट रु.५००/-(अक्षरूपी पाँच सय रूपैयामात्र)पछि फिर्ता नहुने गरी तिरी प्राप्त गर्न सकिनेछ ।
२). शिलबन्दी बोलपत्रमा भागलिन इच्छुक व्यक्ति तथा संस्थाले मिती २०८२ साल पौष २७ गते दिनको ३:०० बजे भित्र मुख्यकार्यालय चावहिल, काठमाडौंमा दर्ता भै सक्नुपर्ने छ ।
३). शिलबन्दी बोलपत्र २०८२ साल पौष २८ गते सोमवार दिनको १:०० बजे मुख्य कार्यालय चावहिल, काठमाडौंमा बोलपत्रदाता हरू वा निजले लिखित रूपमा नियुक्तगरेको प्रतिनिधिहरू र अन्य पदाधिकारी हरूको रोहवरमा शिलबन्दी बोलपत्र खोल्ने कार्य सुरु गरिनेछ । बोलपत्र दाताहरू वा निजको प्रतिनिधी समेत उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन । उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोहि स्थान र समयमा उक्त कार्य हुनेछ ।
४). बोलपत्र स्वीकृत भएमा कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेखगरी कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत धरौटी रकम नगद वा संस्थाको नाममा जारी गरीयको Good For Payment गरीएको A/C Payee चेक वा बैंक भौचरको सक्कल प्रति बोलपत्र स्वीकृत हुना साथ पेश गर्नपर्ने छ । बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति नामसारी गर्दालाग्ने सम्पुर्ण खर्च समेत सकार गर्ने व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले व्यहोर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम जम्मा गरी आफनो नाममा सम्पत्ति नामसारी गरी नलिएमा धरौटि रकम फिर्ताहुने छैन ।
५). शिलबन्दी बोलपत्र पेशगर्ने व्यक्तिको हकमा निजले नागरीकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, फर्म, संगठित संस्था वा कम्पनिले संचालक समितिको निर्णयको प्रतिलिपी, इजाजत प्राप्त दर्ता प्रमाण पत्रको प्रतिलिपी, मु.अ.क. वा आय कर दर्ता प्रमाण पत्रको प्रतिलिपी को साथै अख्तीयारी प्राप्त व्यक्तिको नागरीकता तथा संस्थागत परिचयपत्र पेश गर्नुपर्ने छ ।
६). कुनै शर्त राखी पेशगरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ ।
७). लिलाम सम्पत्तिको निरीक्षण गर्नचाहेमा शिलबन्दी बोलपत्र पेशगर्नु अगावै कार्यालय समय भित्र यस संस्थाको मुख्य कार्यालय कुमारी बिल्डीङ्ग चावहिल काठमाडौंमा सम्पर्क राखि सम्पत्ति निरीक्षण गर्न सकिनेछ ।
८). कुनै कारण खुलाइ वा नखुलाई शिलबन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
९). अन्य शर्त हरू बोलपत्र फारममा उल्लेख गरीएबमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मिति :- २०८२/०९/२७ गते आईतवार कार्यालय समयभित्र**
**शिलबन्दी बोलपत्र खोल्ने मिति :- २०८२/०९/ २८ गते सोमवार (सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट)**
**स्थान : संस्थाको मुख्य कार्यालय चावहिलमा**
**समय : दिउँसो १:०० बजे**
विस्तृत जानकारीको लागी
कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(चावहिल)-७, काठमाडौं ।
फोन नं.: ०१-४५७८००६,४५६५१०२,४५६५२५६,४५६५२७४ मा सम्पर्क गर्नुहोला ।

Government of Nepal
## Lahan Municipality
## Office Of Municipal Executive
**Lahan-10, Siraha**
**Madhesh Province, Nepal**

### INVITATION FOR BIDS

**Notice No: LMUN-W18-IFB-2082-83-23**
**Date Of Publication: 2082-09-21 (January 05th 2026)**

1. **Lahan Municipality, Office of Municipal Executive** Invites Open Competitive Bidding (Single-Stage-Single -Envelope) system from eligible bidders for the following contracts as mentioned below under National Competitive Bidding procedures:
2. Information regarding Pre-Bid Meeting, Last date of Submission, Date of Opening

| S. NO | Contract ID | Project Description | Pre-Bid Meeting | Last date of Submission | Date of Opening | Bid Security Amount | Bid Validity Period | Bid Document Fee (NRs.) | Estimated Amount Without Vat and Contingency (NRs.) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LMUN-W18-NCB-2082-83-23 | Road Improvement Work, Lahan-10 | 26th January 2026 14:00 hours | 04th February 2026 12:00 hours | 04th February 2026 14:00 hours | NRS. 4,17,000.00 | 90 days | 3000.00 | 1,44,02,527.40 |

3. Bidder shall submit their bid electronically only and shall download the bidding documents for submission from P**PMO's e-GP system www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below. **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: **Nepal Bank Ltd, Lahan Branch.**
   Name of Office : **Lahan Municipality**
   Office Code no. : **16-365-22**
   Office Account no.: **03603000001001000001**
   Rajaswa (revenue) Shirshak no. **14229**
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 hours** on **4th February, 2026** at **Lahan Municipality, Office of the Municipal Executive, Lahan (Siraha)**. Bids must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. mentioned above in the table for respective contract, which shall be valid for **30 days** beyond the validity period of the bid **90 days**.
5. Bid document fees all contracts shall be **NRs. 3000.00. (Three thousand only)** each.
6. Bid Validity period/ Bid security Validity period of all above contracts shall be **90 days**.
7. Bidder Can only bid electronically through the e-procurement section of **PPMO 's website http://www.bolpatra.gov.np/egp**.
8. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement (14th Amendment) Rules, 2082.
9. Any amendments in the IFB notice shall be published in the e-procurement section. 8. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
10. The **Lahan Municipal, Office of Municipal Executive** reserves the right, **at its sole discretion**, to reject, accept, or cancel any bid, whether in part or in full.

**Cheif Administrative Officer**

प्रभाव दैनिक National Daily

सम्पादकीय

## अमेरिकाको दादागिरी खेदजनक

**शनिबार अमेरिकाले आफ्नो शक्ति लगाएर भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरोलाई बन्धक बनाएर आफ्नो देश लग्यो। विश्वलाई अमेरिकाले भन्यो– मादुरो तानाशाही हुन्। लामो समयदेखि भेनेजुएलामा शासन गरे। देशलाई भ्रष्ट बनाएको आरोप मादुरोमाथि लगायो। यतिमात्र हैन मादुरोलाई अमेरिकाले नामुद लागुऔषध कारोबार करार गर्दै आत्मसमर्पण गर्न भनिरह्यो। अमेरिकाको यो व्याख्यालाई धेरैले पत्यायो पनि। भेनेजुएलाका कतिपय जनताले अमेरिकी व्याख्यालाई साथ दिइरह्यो।**

**तर जब मादुरोलाई न्युयोर्क पुऱ्याइयो तब अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले असली नियत प्रस्ट पारिहाले। अमेरिकाले भेनेजुएलाको राष्ट्रपति उठाउनुको कारण तेलको भण्डारहरूमाथि अधिपत्य जमाउनु रहेको कुरा ट्रम्पले खुलमखुला सुनाए। पछिल्लो अध्ययनहरूले भेनेजुएलामा धेरै तेल खानीहरू छन्। पहिले अमेरिकी व्यापारीले कब्जा जमाएको तेलखानी अहिले विस्तारै चीनको नियन्त्रणमा जान थालेका थिए। जसकारण पनि अमेरिकाले आफ्नो ठूलै शक्ति खर्चेर यहाँ यस्तो उद्दण्डता मच्चाएको भनिएको छ।**

**यो झण्डै लुटेराहरूले गुण्डागर्दी गरेको शैलीमा भएको थियो। अमेरिकाले यो आक्रमणको योजना महिनौंअघि बनाएको खुलाएको छ। शनिबार गरिएको आक्रमणमा १५० भन्दा बढी सैन्य जहाज प्रयोग गरिएको थियो भने जमिन र समुद्रबाटसमेत आक्रमण गरिएको थियो। अत्यधिक सुरक्षासहित बसेका मादुरोलाई अमेरिकी सेनाले ३० मिनेटमा नियन्त्रणमा लिएको बताइएको छ। यो कदममा मादुरोकै नजिकका पात्रहरूबाट सहयोग लिइएको अमेरिकी गुप्तचरहरूले बताएका छन्।**

**अन्तर्राष्ट्रिय कानुन हेर्ने हो भने भेनेजुएला एक स्वतन्त्र देश हो भने मादुरो त्यहाँका एक स्वतन्त्र शासक। अमेरिकाले एक स्वतन्त्र देशको राष्ट्रपतिमाथि यसरी आक्रमण गर्नु खेदजनक कदम हो। यो कदममा विश्वका शक्तिशाली देशहरूले खासै प्रतिक्रिया दिएका छैनन्। यो त शक्तिशाली राष्ट्र अमेरिकाको कदमप्रति एकप्रकारले मौन समर्थन जनाउनु पनि हो। आफ्नो स्वार्थसिद्ध गर्न अमेरिका जे पनि गर्न तयार हुन्छ भन्ने कुरा यो घटनाबाट पुष्टि हुन्छ।**

**शान्तिप्रेमीलाई गुमराहमा पारेर मादुरोजस्तो शासकलाई जुनसुकै बेला तह लगाउन अमेरिका सक्षम छ र विश्वकै शक्तिशाली हामी हौं भनेर देखाएको यो दादागिरी कदापि स्वीकार्य छैन। ट्रम्प प्रशासनले थालेको यस्तो दादागिरी धेरै दिन टिक्दैन पनि। मादुरोलाई तुरुन्तै भेनेजुएला पुऱ्याएर त्यहाँको जनतालाई जिम्मा लगाउनु वा अन्तर्राष्ट्रिय अदालतमा पुऱ्याउनु सबैभन्दा न्यायोचित हुने छ। आफ्नै अदालतमा लगेर एक स्वतन्त्र शासकलाई बयान लिने र बन्धक बनाउने काम निन्दनीय छ। तत्काल यस्तो कदमलाई अमेरिकाले सच्याउँदै मादुरोलाई रिहा गरियोस्। भेनेजुएलाको स्रोतमाथि आँखा लगाउने काम बन्द गर।**

# आश्वासनको व्यापार होइन, परिणामको अभ्यास हो राजनीति



❑ गुणराज ढकाल

नेपालको राजनीति अहिले युवा (जेन-जी) आन्दोलनको प्रभावमा छ, जसले भ्रष्टाचार, कुशासन र राजनीतिक अस्थिरताविरुद्ध सडक तताएको थियो। यस सन्दर्भमा 'सुशासन, समृद्धि र राष्ट्र निर्माण' मूल एजेण्डा हो। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), उज्यालो नेपाल पार्टी र अन्य सुधारवादी शक्तिहरूबीचको एकीकरण तथा सहकार्यको आधारले 'मेरिटोक्रेसी', भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता तथा आर्थिक र सामाजिक सुधारलाई जोड दिएको छ।

देशमा व्याप्त राजनीतिक असक्षमता, भ्रष्टाचार, अवसरको असमानता र युवाको निराशाबाट गम्भीररूपमा सचेत हुँदै, नेपालको भविष्यलाई अँध्यारोबाट उज्यालोतर्फ लैजान राष्ट्रप्रतिको साझा जिम्मेवारीबोधका साथ विश्लेषण गर्नुपर्ने अवस्था छ। नेपालमा अहिले व्यक्तिको अभाव होइन, सही व्यक्ति सही स्थानमा नहुनु, सही समयमा सही निर्णय नहुनु र प्रणालीको असफलताबाट संकटग्रस्त छ। यस सन्दर्भमा, व्यक्तिकेन्द्रित राजनीतिबाट प्रणालीकेन्द्रित शासन स्थापना गर्ने साझा संकल्पसहित अघि बढ्नु आजको आवश्यकता हो।

> "देशमा व्याप्त राजनीतिक असक्षमता, भ्रष्टाचार, अवसरको असमानता र युवाको निराशाबाट गम्भीररूपमा सचेत हुँदै, नेपालको भविष्यलाई अँध्यारोबाट उज्यालोतर्फ लैजान राष्ट्रप्रतिको साझा जिम्मेवारीबोधका साथ विश्लेषण गर्नुपर्ने अवस्था छ। नेपालमा अहिले व्यक्तिको अभाव होइन, सही व्यक्ति सही स्थानमा नहुनु, सही समयमा सही निर्णय नहुनु र प्रणालीको असफलताबाट संकटग्रस्त छ। यस सन्दर्भमा, व्यक्तिकेन्द्रित राजनीतिबाट प्रणालीकेन्द्रित शासन स्थापना गर्ने साझा संकल्पसहित अघि बढ्नु आजको आवश्यकता हो।

यतिबेला नेपाल इतिहासकै महत्त्वपूर्ण मोडमा

यतिबेला नेपाल इतिहासकै महत्त्वपूर्ण मोडमा उभिएको छ। पुराना राजनीतिक दलहरूको अयोग्य नेतृत्व, भ्रष्ट प्रणाली, सुशासनको अभाव र अवसरको असमान वितरणले देशलाई पछि पार्दै आएको छ। राजनीतिकरूपमा, सत्ता स्वार्थ र गुटबन्दीले राष्ट्रिय एकतालाई कमजोर बनाएको छ। सामाजिकरूपमा, जाति, लिंग, क्षेत्र र वर्गका आधारमा विभेद कायम छ, जसले लाखौंलाई बहिस्कृत गरेको छ। आर्थिकरूपमा युवाहरूको श्रम र सीप परदेशमा खेर गइरहेको छ। किसानहरू उपेक्षित छन्, उद्योगहरू लडखडाइरहेका छन् र आत्मनिर्भरताको सपना अधुरो छ।

गुणस्तरीय शिक्षा पहुँचबाहिर छ, जसले भावी पुस्तालाई अन्धकारमा धकेल्दै छ। यी समस्याहरूको समाधान पुराना संरचनामा होइन, नयाँ सोच र सामूहिक प्रयासमा छ। अब फुटेर होइन, जुटेर अघि बढ्नुपर्छ। कुनै व्यक्ति वा समूहको स्वार्थभन्दा माथि उठेर, साझा जिम्मेवारी र भविष्यप्रतिको प्रतिबद्धताका साथ हामीले नेपाललाई रूपान्तरित गर्नुपर्छ। उज्यालो नेपाल अभियानलाई हामीले एक नयाँ राजनीतिक दलको रूपमा स्थापित गरेका छौं। यो विभाजनको होइन, एकता, निराशा होइन, आशा, आलोचना होइन, समाधानको बाटो देखाउने दल हो। यस दलको मूल दर्शन हरेक क्षेत्रमा 'उज्यालो' स्थापित गर्नु हो, हरेक नेपालीको मुहारमा उज्यालो ल्याउनु हो, जसले नेपाललाई राजनीतिक रूपान्तरणबाट सामाजिक, आर्थिक र शैक्षिक विकासतर्फ डोऱ्याउँछ। पारदर्शी, जवाफदेही र जनकेन्द्रित शासन प्रणाली स्थापना गर्दै, भ्रष्टाचारमुक्त राजनीति निर्माण गर्नु हो।

सबै नागरिकका लागि समान अवसर सुनिश्चित गर्दै, विभेद र बहिस्करण अन्त्य गर्नु। महिला, दलित, जनजाति, अपांगता भएका व्यक्ति र अल्पसंख्यक समुदायलाई मुख्यधारामा समाहित गर्दै सामाजिक न्यायको जग बसाल्नु हो। श्रम, सीप र उद्यमको सम्मान गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु। कृषि, पर्यटन, ऊर्जा र उद्योगमा लगानी बढाएर रोजगारी सिर्जना गर्नु; परनिर्भरतालाई तोड्दै निर्यातमुखी अर्थव्यवस्था विकास गर्नु हो। गुणस्तरीय, पहुँचयोग्य र प्राविधिक शिक्षालाई प्राथमिकता दिई, युवाहरूलाई सक्षम बनाउनु। स्वास्थ्य, कृषि र पर्यावरणजस्ता क्षेत्रमा पनि संरचनात्मक सुधार ल्याएर जनजीवन उकास्नु हो।

यो दल कुनै व्यक्तिको महत्त्वाकांक्षा होइन, यो नेपाली जनताको सामूहिक चेतना र भविष्यप्रतिको प्रतिबद्धताको अभिव्यक्ति हो। यसले इमानदार व्यक्तिको सम्मान गर्छ, योग्यलाई प्रोत्साहन दिन्छ, श्रम र सीपलाई मूल्य दिन्छ र गलत काम गर्नेहरूलाई कडा जवाफदेही बनाउँछ। तसर्थ, आजको प्रश्न स्पष्ट छ, हामी अँध्यारो स्वीकार्ने कि उज्यालो निर्माण गर्ने ? यदि हामी इमानदार, सक्षम र एकजुट भएर अघि बढ्यौं भने, नेपाललाई विकसित, समृद्ध र न्यायपूर्ण राष्ट्र बनाउन कुनै शक्तिले रोक्न सक्दैन।

परिर्वतन चाहने सचेत नेपालीको साझा दृष्टि र लक्ष्य सुशासित, समृद्ध, आत्मनिर्भर र न्यायपूर्ण नेपाल निर्माण गर्नु हो। यसका लागि सत्ताभन्दा माथि सेवाको भावना अपनाउँदै, पदभन्दा परिणाम र नाराभन्दा कार्यान्वयनलाई प्राथमिकता दिनुपर्छ। 'सही मान्छे, सही ठाउँ, सही समय' यो शासनको मूल सिद्धान्त हो। तसर्थ, आगामी निर्वाचनमा उम्मेदवार छनोट तथामा योग्यता, क्षमता, इमानदारी र कार्यसम्पादनलाई आधार बनाउनुपर्छ।

राजनीतिक पहुँच, नातावाद, भागबण्डा र कोटाप्रथाको अन्त्य गर्दै, राज्यका सबै तहमा कार्यसम्पादनमा आधारित जिम्मेवारी प्रणाली लागू गर्नुपर्छ। यो सिद्धान्तलाई नारामामात्र सीमित नराखी, कानुनी, संस्थागत र व्यावहारिकरूपमा कार्यान्वयन गर्नुपर्छ। त्यसका लागि परिवर्तनका पक्षधरले देशको हितलाई प्राथमिकतामा राख्दै, एउटै निर्वाचन क्षेत्रमा एकभन्दा बढी सुधारवादी उम्मेदवार नउठाउने, मत विभाजन रोक्न रणनीतिक सहकार्य गर्ने तथा योग्य, जनविश्वास प्राप्त र कार्यक्षमतायुक्त उम्मेदवारलाई साझा समर्थन गर्ने नीति अवलम्बन गर्नुपर्छ। यो सहकार्य कुर्सी बाँडफाँटका लागि नभई देशको सुधारका लागि हुने छ।

### सरकार गठनपछिको साझा कार्यसूची (पहिलो दुई वर्षमा गर्नुपर्ने):

**(क) सुशासनः** भ्रष्टाचारप्रति शून्य सहनशीलता, डिजिटल तथा पारदर्शी सेवा प्रवाह, समयबद्ध सेवा, स्वतन्त्र अनुगमन र सार्वजनिक कार्यसम्पादन मूल्यांकन।

**(ख) अर्थतन्त्र र रोजगारीः** ऊर्जा, पूर्वाधार र उत्पादन क्षेत्रमा तीव्र लगानी, युवा स्टार्टअप, निजी क्षेत्र तथा डायस्पोराको सक्रिय सहभागिता। रोजगारीका लागि विदेसिनु बाध्यता होइन, विकल्प बन्ने वातावरण निर्माण गर्ने।

**(ग) राज्य संरचना सुधारः** मन्त्रालय तथा निकायहरूको पुनर्संरचना, अनावश्यक कानुनी झण्झट र ढिलासुस्तीको अन्त्य, संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट जिम्मेवारी बाँडफाँड गर्ने।

**(घ) नियुक्ति र निर्णयमा राजनीतिक हस्तक्षेपको अन्त्यः** मन्त्रीका सल्लाहकार, नियामक निकाय, सार्वजनिक संस्थान र उच्च पदहरूमा खुला प्रतिस्पर्धा तथा योग्यताका आधारमा नियुक्ति गर्ने। यसका लागि स्वतन्त्र राष्ट्रिय नियुक्ति संयन्त्र स्थापना गरी प्रत्येक पदाधिकारीसँग वार्षिक कार्यसम्पादन सम्झौता गर्नुपर्छ।

**(ङ) असहमति व्यवस्थापन र विश्वासको आधारः** सम्भावित मतभेदहरूलाई संवाद, पारदर्शिता र संस्थागत संयन्त्रमार्फत समाधान गर्ने। व्यक्तिगत आरोप-प्रत्यारोप र सार्वजनिक अविश्वास सिर्जना नगरी राष्ट्रिय हितविपरीत कुनै निर्णय नगर्ने।

**(च) जनताप्रति साझा प्रतिबद्धताः** कुनै दल वा व्यक्तिका लाभका लागि नभई समग्र नेपाली जनताको भविष्यका लागि हुनुपर्छ। राजनीति आश्वासनको व्यापार होइन, परिणामको अभ्यास हुने छ। जनताको मत सत्ता परिवर्तनका लागिमात्र होइन, राज्य प्रणाली परिवर्तनका लागि प्रयोग हुने छ भनी विश्वास दिलाउन जरुरी छ।

'नेतामुखी राजनीति होइन, प्रणालीमुखी शासनका लागि एकपटक फेरि साहस गर्नु' पार्टी नेतृत्वको क्षमता जाँच गर्ने आधार हुने छ। तथापि, चुनौतीहरू पनि छन्। नेपालको राजनीतिमा दलहरूबीचको विश्वासको कमी र व्यक्तिगत महत्त्वाकांक्षाले सहकार्यलाई असफल बनाउन सक्ने खतरा छ। सत्ताकेन्द्रित गठबन्धनहरू प्रायः अस्थिर हुन्छन्। यसबाहेक, जेन-जी आन्दोलनसँगै हिन्दू राष्ट्र र राजतन्त्र पुनर्स्थापनाको माग पनि उठेको छ, जसलाई केहीले बाहय प्रभावको रूपमा हेरेका छन्।

यस्ता मागलाई सम्बोधन नगर्दा यसले राजनीतिक विभाजन निम्त्याउन सक्छ। सम्भावित प्रभावको रूपमा, यदि यो घोषणा कार्यान्वयन भयो भने, नेपाललाई मध्यम आय भएको राष्ट्र बनाउने मार्गप्रशस्त हुन सक्छ। तर, जनताको विश्वास जित्नु मुख्य चुनौती हो, किनकि विगतका प्रतिबद्धताहरू प्रायः कागजमामात्र सीमित छन्। 'उज्यालो नेपाल, समृद्ध नेपाल' को सपना साकार पार्न साहस र इमानदारी आवश्यक छ। यो नेपालको राजनीतिमा परिवर्तनको आशा हो, तर यसको सफलता कार्यान्वयनमा निर्भर छ।

*(लेखक उज्यालो नेपाल पार्टीका केन्द्रीय सदस्य हुन्)*

श्रम सरोकार

## नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ। अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ। विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ। अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ। वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन्। आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ। अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन। कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन्। यसमा सचेतता अपनाउन जरुरी छ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ। त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ। केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ। यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ। यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ। पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ। यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन्। यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ। त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन। यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ। त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ।

पाठक मञ्च

## सुशासनको गफमै सीमित प्रधानमन्त्री कार्की

पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्रीमा नियुक्त भएको पाँच महिना हुन लागेको छ। गत भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनपछि भदौ २७ गते उनी प्रधानमन्त्री बनेकी थिइन्। त्यतिबेला उनले सुशासन र भ्रष्टाचार नियन्त्रणको ठूल्ठूला कुरा गरेकी थिइन्। तर, प्रधानमन्त्री बनेको पाँच महिना हुन लाग्दासमेत उनले सिन्को भाँचेकी छैनन्।

उनले सुशासन बसाउनु त परको कुरा हो, आफ्नो व्यक्तिगत र आफ्ना क्याबिनेटमा रहेका मन्त्रीहरूको सम्पत्ति विवरण पनि सार्वजनिक गरेकी छैनन्। भ्रष्टाचार नियन्त्रणका निम्ति पनि प्रधानमन्त्री कार्कीले केही गरेकी छैनन्। प्रधानमन्त्रीमा नियुक्त भएपछि उनले सबैको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय छानबिन आयोग गर्ने ठोकुवा गरेकी थिइन्। दुर्भाग्य, उनी त आफ्नै सम्पत्ति लुकाएर बसेकी छन्।

जेन-जीहरूको आन्दोलनका बेला राखेका विभिन्न मागमध्ये छिमेक भारत र चीनले कब्जा गरेका नेपाली भूभाग फिर्ता ल्याउनुपर्ने पनि थियो। तर, यसतर्फ पनि प्रधानमन्त्री कार्कीले कुनै चासो देखाएकी छैनन्। सन् १९५० मा नेपाल र भारतबीच शान्ति र मैत्री सन्धि हुँदा दार्जीलिङ, टिस्टा कागडा, हाजीपुर, बाघघाम, गोरखपुर, सिक्किम, टकनपुर, कोलकत्तासम्म नेपाली भूभाग भारतको स्वामित्वमा गयो भने तिब्बत चीनले लग्यो।

सन्धिपछि पनि भारतले नेपाली भूभाग कालापानी, लिम्पियाधुरा, लिपुलेक, कब्जा गरिरहेको छ। हाम्रो सिमाना मिच्ने क्रम पनि जारी छ। विडम्बना, यी भूभाग फिर्ता ल्याउन वा हाम्रो भूमिमाथि विदेशी हस्तक्षेप रोक्न पनि प्रधानमन्त्री कार्कीले पहलकदमी लिएकी छैनन्। यी भूभाग नेपालको हो भनेरसमेत उनले कुनै सार्वजनिक कार्यक्रममा बोलेको सुनिँदैन। छिमेकले कब्जा गरेको भूभाग फिर्ता ल्याउन त प्रधानमन्त्री कार्कीले पहल गरिनन् नै सँगै मुलुकभित्रका सरकारी सम्पत्तिको संरक्षणमा पनि उनी चुकेकी छन्।

भूमाफिया, दलाल, राजनीतिक दल तथा नेता, सरकारी कर्मचारी, कानुन व्यवसायी, व्यापारीलगायतको मिलेमतोमा व्यक्तिका नाममा लगिएको सरकारी सम्पत्ति फिर्ता ल्याउन उनले कोसिससमेत गरेकी छैनन्।

यातायात क्षेत्रमा विगत पाँच दशकदेखि सिण्डिकेट छ। जसका कारण जनताले त सास्ती खेप्नुपरेकै छ सँगै राज्य राजस्वविहीन बनिरहेको छ। यातायातमा सीमित व्यक्तिको रजगजका कारण करोडौं जनताले हैरानी पाएका छन्। कालो, हरियो प्लेटको ट्याक्सी, फोस्टक टेम्पो, ढुवानी गाडीलगायतको नयाँ दर्ता नखुलेको पाँच दशक भइसक्यो। देशमा पटक-पटक राजनीतिक परिवर्तन भयो तर यातायात क्षेत्रमा हुँदै आइरहेको फोहोरी राजनीतिको अन्त्य हुन सकेको छैन। जेन-जी आन्दोलनपछि बनेको सरकारले यातायात क्षेत्रको सिण्डिकेट हटाउने आशा जनताले राखेका थिए।

तर, यसतर्फ न प्रधानमन्त्री कार्कीले चासो दिइन् न त यातायातमन्त्री कुलमान घिसिङले। मन्त्री घिसिङलाई त आफ्नो पार्टीको कार्यक्रममा गएरै भ्याइनभ्याई छ अनि जनता र देशको हितमा हुने काम के नै गर्थे। उल्टै राष्ट्रियकरण हुनुपर्ने यातायात समितिहरूको खर्बौंको सम्पत्ति व्यवसायीलाई नै फिर्ता गराउन र रुट बेचेर सिण्डिकेट लगाउने समिति ब्युँताउन सरकारले कमिटी गठन गरेको अवस्था छ। जबकि, २०७५ वैशाख ४ गतेको क्याबिनेट बैठकले ३०७ वटा यातायात समिति खारेजको निर्णय गरेको थियो। सँगै ती समितिको सम्पत्ति राष्ट्रियकरणको निर्णय पनि गरिएको थियो।

जेन-जी आन्दोलनबाट मुलुकले ठूलो मानवीयसँगै भौतिक क्षति व्यहोरेको छ। ७६ जनाको ज्यान गएको आन्दोलनमा ४५ जनालाई मात्र सहिद घोषणा गरियो। जबकि आन्दोलनकारीले निजी तथा सरकारी भवनमा झोसेको आगोका कारण बाँकीले ज्यान गुमाएका थिए। अर्कोतर्फ, मृतक परिवारलाई जनही १५ लाख रूपैयाँ दिने निर्णय गरिएको छ भने सहिद घोषणा गरिएकाको परिवारलाई महिनैपिच्छे रकम उपलब्ध गराउनुपर्छ।

त्योसँगै घाइतेलाई पनि मासिकरूपमा नौ हजारदेखि १८ हजार रूपैयाँसम्म भत्ता दिने निर्णय गरिएको छ। उता, सरकारी सम्पत्तिमामात्रै खर्बौंको क्षति पुगेको छ। सरकारको खर्च बढेको छ तर आम्दानीको स्रोत नभएको सबैलाई थाहै छ। यस्तो अवस्थामा करार, ज्यालादारी कर्मचारी हटाउने, अनावश्यक खर्च कटौती गर्ने, स्थायी कर्मचारीको सेवासुविधा पनि कटौती गर्ने निर्णय न प्रधानमन्त्री कार्कीले गरेकी छन् न अर्थमन्त्री रामेश्वर खनालले।

अर्थमन्त्री खनाल त बरु नजिकका व्यापारी-व्यवसायीलाई राजस्व छुट दिनतिर तल्लीन छन्। कार्की प्रधानमन्त्री बनेयता एक खर्ब बढी वैदेशिक ऋण लिइसकिएको छ। उनी हप्तैपिच्छे मन्त्रिपरिषद् बैठकमार्फत वैदेशिक ऋण स्वीकृत गर्छिन्। क्याबिनेटमार्फत देश र जनताका हितका निर्णय गर्नुको साटो पुरानै सरकारजस्तो कर्मचारी सरुवा-बढुवा अनि ऋण स्वीकृत गर्नेमात्रै उनको काम देखिन्छ।

–रुषा थापा, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। –*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# म्याग्दीको मुनादेखि बागलुङको ढोरपाटन उपत्यकासम्म सवारीसाधन पुग्यो

■ सन्तोष गौतम



**म्याग्दी–** म्याग्दीको धवलागिरि गाउँपालिकाहुँदै बागलुङको पर्यटकीय क्षेत्र ढोरपाटन उपत्यका सडक सञ्जालमा जोडिएसँगै छोटो दूरीको सो सडकमा पहिलोपटक सवारीसाधन सञ्चालन भएको छ ।

म्याग्दीको सदरमुकाम बेनीदेखि धवलागिरि गाउँपालिकाको केन्द्र मुना- खोरीया- मरेनी- जलजला- गुर्जाघाटहुँदै ढोरपाटन उपत्यका जोड्ने गत असार महिनामा ट्र्याक (मार्ग) खुलेको सडक प्रयोग गरेर धवलागिरि गाउँपालिकाको बा १ भ ७०७ नम्बरको गाडी पहिलो पटक शुक्रबार ढोरपाटन पुगेको हो ।

धवलागिरि गाँउपालिकाका उपाध्यक्ष रेशम पुनमगर, प्रमुख प्रशासकीय अधिकृत बिष्णुप्रसाद शर्मा, योजना अधिकृत हरिहर पनेरु, पूर्वाधार शाखा प्रमुख लोकेन्द्र रावल र प्राविधिक जनक धानुकको टोली मुनादेखि नयाँ सडक प्रयोग गरेर ढोरपाटन पुगेको हो । 'बेनीदेखि ७५ किलोमिटरको दूरीमा ढोरपाटन पुग्न सकिने यो सडकलाई धवलागिरि गाउँपालिकामात्र नभएर पश्चिम म्याग्दीको समग्र पूर्वाधार विकास, आर्थिक सामाजिक क्षेत्रको रूपान्तरणका लागि महत्त्वपूर्ण आधारका रूपमा लिएका छौं,' उनले भने, 'बागलुङदेखि ढोरपाटन जोड्ने सडकको तुलनामा आधाभन्दा धेरै छोटो यो सडक पूर्वी रुकुमसँग जोडिएपछि मध्य पहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प बन्न सक्छ ।'

मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प र म्याग्दीको मंगला, मालिका र धवलागिरि गाउँपालिकाको 'लाइफलाइन' मानिएको बेनी-दरवाङ-मुना-जलजला- ढोरपाटन सडक काठमाडौं र पोखराबाट बेनीहुँदै ढोरपाटन र पूर्वी रुकुम जोड्ने छोटो दूरीको सडक पनि हो ।

हाल प्रयोगमा आइरहेको बागलुङदेखि ढोरपाटन जोड्ने सडकको दूरी १२६ किलोमिटर छ । गत आर्थिक वर्षमा संघीय सरकारले विनियोजन गरेको पाँच करोड रूपैयाँ बजेटबाट सडक डिभिजन कार्यालय बागलुङले सञ्चालन गरेको योजनामार्फत म्याग्दीको धवलागिरि गाउँपालिका-२ मरेनीदेखि देखि ढोरपाटनको जलजलासम्म सडकको ट्र्याक खुलेको छ । मरेनीमाथिको जंगलदेखि जलजलातर्फ गत असारमा निर्माण भएको नौ किलोमिटर सडक हालै मर्मत गरेर सवारीसाधन सञ्चालन गर्ने बनाइएको हो । घुम्ती र ग्रेड सुधार गर्न बाँकी यो सडकमा पर्ने तीन हजार मिटरभन्दा बढी उचाइको जलजला क्षेत्रमा हिउँ नपरेको अवस्था जिप, टचाक्टर र मोटरसाइकल सञ्चालन गर्न सकिने उपाध्यक्ष पुनले बताए ।

मुनादेखि तल्लो जलजलाको दूरी १४ किलोमिटर छ । ढोरपाटनबाट जलजला जोड्ने १० किलोमिटर कच्ची सडक यसअघि नै जोडिएको थियो । मुना-जलजला-ढोरपाटन खण्डमा पर्ने खोलाहरूमा मोटरेबल पुल नभएकाले बर्खामा यातायात सञ्चालन गर्न समस्या छ । बेनीदेखि वि.सं. २०५५ मा यो सडक निर्माण सुरु भएको थियो । बेनीदेखि मुना-खोरीया-मरेनी हुँदै जलजला करिब ६४ किलोमिटर सडकको मार्ग खुलेको हो । धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बेनीबाट दरवाङ-मुना-जलजला-ढोरपाटन हुँदै पूर्वी रुकुमको टकसेरा जोड्ने सडकको मार्ग खुलेमा मध्यपहाडी लोकमार्गको बागलुङ खण्डभन्दा ७० किलोमिटर दूरी छोटिने जानकारी दिए ।

उनका अनुसार पूर्वी रुकुमको टकसेराबाट ढोरपाटनको निसिलढोरसम्म आठ किलोमिटर सडकले जोडिन बाँकी छ । जलजला, ढोरपाटन र उत्तरगंगा जाने पर्यटक तथा स्थानीयबासीहरूलाई यो सडक छोटो पर्छ । धवलागिरि-२ खोरियामा छ वर्षअघि पुगेको सडकलाई ढोरपाटनसँग जोड्न १९ किलोमिटरको विस्तृत परियोजना प्रतिवेदन बनाएर गाउँपालिकाले चार वर्षअघि संघीय सरकारसँग योजना तथा बजेटको प्रस्ताव गरेको थियो ।

बेनीदेखि तातोपानी-बाबियाचौर हुँदै तोलावाङसम्म २० किलोमिटर सडक प्रदेश सरकारमार्फत कालोपत्र भएको छ । प्रदेश सरकारले दरवाङदेखि ताकम मुना जोड्ने करिब १७ किलोमिटर सडक स्तरोन्नति गर्न दुईवटा शीर्षकमा योजना सञ्चालन गरेको प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली (सुविन)ले बताए ।

मध्यपहाडी लोकमार्गको वैकल्पिक मार्ग र पूर्वी रुकुमसम्म जोडिने पश्चिम म्याग्दीको लाइफ लाइन मानिएको यो सडकको स्तरोन्नति र कालोपत्रका लागि बजेटको व्यवस्थापन र योजना कार्यान्वयनमा सरोकारवालाको चासो बढेको छ । पूर्वी रुकुम, म्याग्दी र बागलुङ जिल्लाको एक हजार ३२५ वर्गमिटर क्षेत्रफलमा फैलिएको ढोरपाटन नेपालको एकमात्र सिकार आरक्ष हो । विश्वभरका साहसी सिकारीहरूको गन्तव्य ढोरपाटन पछिल्लो समय नेपाली पर्यटकहरूको पनि रोजाइमा परेको छ । *रासस*

# कोटगढीको संरक्षण र प्रवर्द्धन गर्दै पौवादुङमा गाउँपालिका



**भोजपुर–** भोजपुरको पौवादुङमा गाउँपालिकाले ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेको कोटगढी क्षेत्रको संरक्षण र प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै योजनाबद्ध विकासको काम अघि बढाएको छ । आन्तरिक पर्यटनको सम्भावनालाई उपयोग गर्दै स्थानीय अर्थतन्त्र सबल बनाउने उद्देश्यसहित गाउँपालिकाले उक्त क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न थालेको हो ।

गाउँपालिकाको सदरमुकाम नजिकै अवस्थित कोटगढी क्षेत्रमा पुग्न सहज पहुँच सुनिश्चित गर्न पालिकाको ३५ लाख रूपैयाँ बजेट र २० प्रतिशत स्थानीय श्रमदानको सहभागितामा सिँढीसहित पदमार्ग निर्माण गरिएको छ । यसले स्थानीय बासिन्दा तथा आगन्तुकलाई सुरक्षित र सहज आवागमनको सुविधा उपलब्ध गराएको गाउँपालिका अध्यक्ष किरण राईले जानकारी दिए ।

अध्यक्ष राईका अनुसार कोटगढी ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण क्षेत्र भएकाले यसको संरक्षणसँगै पर्यटनसँग जोडेर विकास गर्न गाउँपालिकाले विशेष योजना बनाएर काम गरिरहेको छ । 'कोटगढी आफैंमा ऐतिहासिक सम्पदा हो,' उनले भने, 'स्थानीय सरकारले यसको संरक्षण गर्दै पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्यका साथ काम गरिरहेको छ । पूर्वाधार विकाससँगै प्रचारप्रसारमा ध्यान दिइरहेका छौं ।'

यस क्षेत्रको धार्मिक तथा सांस्कृतिक महत्त्वलाई थप मजबुत बनाउने उद्देश्यले संघीय सांसद लक्ष्मी राईको संसद् विकास कोषबाट प्राप्त एक लाख रूपैयाँ सहयोगमा कोटगढीपरिसरमा मन्दिर निर्माण गरिएको छ । पदमार्ग र मन्दिर निर्माणपछि आन्तरिक पर्यटक, धार्मिक श्रद्धालु तथा इतिहासप्रेमीहरूको आवागमनमा उल्लेख्य वृद्धि भएको स्थानीयवासीले बताएका छन् ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले पौवादुङमा गाउँपालिकाभित्र रहेका पर्यटकीय, धार्मिक तथा ऐतिहासिकस्थलको एकीकृत विकासमा जोड दिइएको बताए । 'गाउँपालिकाभित्र रहेका सम्भावनायुक्त क्षेत्रको पहिचान गरी योजनाबद्ध रूपमा विकास गर्ने नीति लिएका छौं,' उनले भने, 'कोटगढीजस्ता ऐतिहासिकस्थलको संरक्षणले पर्यटन प्रवर्द्धनका साथै रोजगारीका अवसर सिर्जना गर्ने अपेक्षा लिएका छौं ।'

स्थानीयका अनुसार कोटगढी क्षेत्रको संरक्षण तथा पूर्वाधार विकासपछि यस क्षेत्रको पहिचान थप उजागर हुन थालेको छ । यसले नयाँ पुस्तालाई स्थानीय इतिहास, संस्कृति र पहिचानबारे जानकारी गराउने अवसरसमेत प्रदान गरेको प्रमुख प्रशासकीय अधिकृत भट्टराईले धारणा राखे ।

आगामी दिनमा थप पूर्वाधार, विश्रामस्थल तथा प्रचारप्रसारका कार्यक्रम सञ्चालन गर्नसके कोटगढी क्षेत्र भोजपुर जिल्लाकै महत्त्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुने विश्वास स्थानीयवासीले व्यक्त गरेका छन् । ऐतिहासिक सम्पदाको संरक्षण गर्दै पर्यटनसँग जोडेर विकास गर्ने स्थानीय सरकारको पहलले पौवादुङमा गाउँपालिकाको समग्र सामाजिक तथा आर्थिक विकासमा सकारात्मक प्रभाव पारेको स्थानीयको भनाइ छ । *रासस*


**Local Government**
**Indrawati Rural Municipality**
**Office of Rural Municipal Executive**
**Nawalpur, Sindhupalchok**
**Bagmati Province, Nepal**

**Intention to Award**

**Publish Date:- 2082/09/21**

1. Pursuant to sub clause 27.2 & 27.3 of Public Procurement Act 2063, this is notifing to all Bidders who submitted their Sealed Quotation for mentioned character as per the IFB Notice Published on National Daily Newspaper that the following mentioned bidders are lowest evaluated substantial responsive bidder is intented to award the contract.

| S. N. | Contract No. | Name of Work | Name and Address of bidders | Bid Price (including VAT) |
|---|---|---|---|---|
| 1 | ISMRI/SQ/ NEWS/082/ 083-1 | Publishing Notices in National Daily Newspaper | M/S Bulanda Multitechnical Media Pvt. Ltd. | 99.44 Per CC |

**Chief Administrative Officer**

**Kedarsyun Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Deura, Bajhang**
**SudurPashchim Province, Nepal**

**Invitation Bids for Construction of Projects**

**Date of publication:- 2082/09/21(Jan 04 2026)**

1. Kedarsyun Rural Municipality Office, DeuraBajhang has invited electronic bids on **2082/09/21** from Nepalese eligible bidders for the procurement of following works under National Competitive bidding process.

| Contract No. | Description of Work | Estimated Amount VAT | Bid Document fee NRs. | Bid Security NRS | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| KRM/NCB/ Work-08/2082/083 | Construction of Ward 2 Office Building Kedarsyun Rural Munipality | 7955946.06 | 3000.00 | 1,99,000.00 | 2082/10/21 (2026-02-04) |
| KRM/NCB/ Work-09/2082/083 | Construction of Cold Store 1st floor Building ward 1 Deura Kedarsyun Rural Municipality7 | 7539490.00 | 3000.00 | 1,89,000.00 | 2082/10/21 (2026-02-04) |

2. **The Bidders must submit their bid electronically through e-procurement section of PPMOs website http://www.bolpatra.gov.np/egp, the Bidder shall be required to deposite the non-refundable fee in the form of case deposite certificate in the Revenue Office code no: ………. Office Account no: *07501400250009* of Kedarsyun Rural Municipality Aanatrik Rajashow Khata Nepal Investment Bank,- Jhota Branch** and electronic scanned copy (pdfformate) of the Bank deposite voucher shall also be submitted along with electronic bid files.
3. Bid shall be accompanied by a bid security of an amount as shown in the above table. If bidder wishes to submit the Bid Security in the form of case, the case should be deposited in the following address or a bid bond issued by a bank approved by Nepal Rastra Bank valid beyond a month (30days) from bid validity period and submit the original receipt of the deposited amount of case along with the bid.
Information to deposite Bid Security in Bank:
**Name of The Bank : Nepal Investment Bank,JhotaBajhang.**
**Name of Office : Kedarsyun Rural Municipality Dharuti Khata**
**Deposite Account No. : *07501400250153***
4. For more information about bidding process and bid documents, please visit http://www.bolpatra.gov.np/egp,

**CAO**
**Kedarsyun Rural Municipality**

**Government of Sudurpashchim Province**
**Ministry of Physical Infrastructure Development**
**Water Supply and Sanitation Division Office**
**Dadeldhura**

**NOTICE for LETTER OF INTENT(LOI)**

**(First date of publication: Jan. 05, 2026 (2082 Poush 21))**

1. This is to notify (as per clause 27(2) of Public Procurement Act, 2063) to all concerned bidders that, we are going to award following contracts as per notice published on national level newspaper and PPMO's e-GP portal bolpatra.gov.np/egp on Dec. 01, 2025 (2082 Mangshir 15) to the following bidders selected as substantially responsive lowest evaluated bid. This notice is published for the purpose of clause 47 of Public Procurement Act, 2063.

| S. N. | Contract ID | Description | Lowest Evaluated Substantially Responsive Bidder | Bid Amount (Inclusive of VAT) (NRs.) |
|---|---|---|---|---|
| 1 | WSSDO/DADELDHURA/NCB/GOODS/ 01/2082-83 | Supply and Delivery of HDPE Pipe (PE-100) - (Confirming to NS 40:2079) for Various Water Supply Projects of Dadeldhura District | Laxmi Plastics Pvt. Ltd., Nepalgunj, Banke | 5980772.24 |
| 2 | WSSDO/DADELDHURA/NCB/GOODS/ 02/2082-83 | Supply and Delivery of HDPE Pipe (PE-100) - (Confirming to NS 40:2079) for Various Water Supply Projects of Bajhang District | Laxmi Plastics Pvt. Ltd., Nepalgunj, Banke | 8319167.29 |
| 3 | WSSDO/DADELDHURA/NCB/GOODS/ 03/2082-83 | Supply and Delivery of GI Pipes and Seamless Pipes for Various Water Supply Project of Dadeldhura District | Vayudoot Trade & Suppliers, Samakhusi, Kathmandu | 2796058.44 |

**Division Chief**

**जहदा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मझारे, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति २०८२/०९/२१)**

जहदा गाउँपालिकाले तपसिलको निर्माण कार्यका लागि मिति २०८२/०८/०४ गते राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरी तोकीएको समयभित्र रीतपुर्वक पेश हुन आएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाता न्यूनतम मुल्यांकित सारभुत रूपमा प्रभावग्राही पाईएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१), (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता एवं सवै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नम्बर | योजनाको नाम ठेगाना | छनौट भएको बोलपत्र | कबोल रकम (भ्याट समेत) रू. |
|---|---|---|---|---|
| १ | JRM/WORKS/NCB/ 082/083-15 | Santhal Sangrahalaya Bhawan Nirman, Jahada-7 | S.Y Group of Company Pvt.Ltd. Biratnagar-12 | 1,07,81,546.08 |

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक


रूपशाला

## प्रवासी नेपालीको कथामा 'प्रवासी जीवन'

नेपालबाट आफ्नो उज्ज्वल भविष्य र स्थायित्वका लागि संयुक्त राज्य अमेरिका पुगेका नेपालीले त्यहाँ गर्नुपर्ने संघर्षसहितको प्रवासी जीवनको कथा बोकेको चलचित्र 'प्रवासी जीवन' आगामी फागुन १५ देखि नेपालभर प्रदर्शन हुने भएको छ । श्याम क्षेत्री र राम अधिकारीले संयुक्तरूपमा निर्देशन गरेको उक्त चलचित्रमा अहिनेता राजेश हमाल, सरिता लामिछाने, बुद्धि तामाङ, महादेव त्रिपाठी, एञ्जेला बस्नेतलगायतको अभिनय रहेको छ । प्रवासमा पुग्ने जोकोहीले चलचित्रको कथामा आफू वा आफ्नो समाजलाई पाउने निर्देशक क्षेत्रीले बताए ।






# 'को-हजबेण्ड' पेरिसमा हुने चलचित्र महोत्सवमा छनोट

■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्व चर्चित नेपाली वृत्तचित्र 'को-हजबेण्ड' फ्रान्सको पेरिसमा आयोजना हुने १२औं एथनोग्रा चलचित्र महोत्सवमा छनोट भएको छ। निर्देशक गणेश पाण्डेद्वारा निर्देशन गरिएको उक्त वृत्तचित्र (डकुमेन्ट्री फिल्म) पेरिसमा हुने चलचित्र महोत्सवमा छनोट भएको हो ।

अमेरिकामा रहेको चलचित्रको आधिकारिक वितरण संस्था डक्युमेन्ट्री एजुकेसनल रिसोर्सेजले उक्त वृत्तचित्र महोत्सवका लागि छनोट भएको जनाएको हो। निर्देशक गणेश पाण्डेले आगामी अप्रिल २ तारिखदेखि ५ तारिखसम्म पेरिसमा हुने महोत्सवमा सहभागी हुन पत्राचार भइसकेको जानकारी दिए । विश्वभरमा नेपाली वृत्तचित्रलाई चिनाउँदै आएको को-हजबेण्ड' यसअघि पनि विभिन्न




अन्तर्राष्ट्रिय मञ्चमा पुरस्कार र प्रशंसा प्राप्त गरिसकेको छ ।

अन्तर्राष्ट्रिय फिल्म महोत्सव (निफ)मा नेपालले प्रथम पुरस्कार जितेपछि विश्वका प्रतिष्ठित अन्तर्राष्ट्रिय महोत्सवमा छनोट हुनु नेपाली वृत्तचित्र क्षेत्र र यससँग जोडिएका व्यक्तिका लागि महत्त्वपूर्ण उपलब्धि मानिएको निर्देशक पाण्डेले धारणा राखे । उनका अनुसार बहुपति प्रथामा आधारित ३५ मिनेटको उक्त वृत्तचित्र (डकुमेन्ट्री फिल्म) कर्णाली प्रदेशको हुम्लामा छायांकन गरिएको हो ।

'घरमा जति दाजुभाइ छन्, एउटै श्रीमती बिहे गर्ने संसारकै अनौठो चलन अहिले पनि नेपालका कतिपय हिमाली जिल्लामा विद्यमान छ । सोही विषयलाई पहिलोपटक पर्दामा उतारेको हुँ,' निर्देशक पाण्डेले भने । यसले अन्तर्राष्ट्रिय दर्शक र अनुसन्धानकर्तामाझ नेपाली समाज र संस्कृतिबारे जानकारीसहित थप बहस र चासो बढाउने अपेक्षा गरिएको उनको भनाइ छ ।


## सुन्दरहरैँचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचोक, मोरङ
कोशी प्रदेश, नेपाल

### सुन्दर हरैचा नगरपालिकाद्वारा उपभोक्ता हितमा जारी गरिएको सार्वजनिक सूचना

- पुस मसान्तभित्र घर बहाल कर बुझाउनुहुने सम्पूर्ण घरधनी तथा व्यवसायीहरूले ५०% छुट सुविधा पाउनुहुनेछ
- कुनै पनि व्यवसाय नगरपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चातमात्र सञ्चालन गरौं ।
- घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं ।
- नगरपालिका लाई बुझाउनु पर्ने कर तथा शुल्क समयमै बुझाई नगर विकासमा सहभागी बनौं ।
- शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ ।
- चर्पीमा मात्र दिसापिसाव गरौं । सफासँग हात धोएर खाना खाने गरौं ।
- झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं ।
- घरपालुवा चौपायाहरु छाडा नछाडौ तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं ।
- बाढी, पहिराको जोखिम भएको स्थानबाट सुरक्षित स्थानमा बसोबास गरौं ।
- बाढी, पहिरोको जोखिम बढ्ने भएकोले जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं ।
- बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रूख रोपौं, वन जोगाऔं ।
- विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं ।
- खानेपानीका मुहानहरु सदैव सफा राखौं । जथाभावी फोहोर नफालौं ।
- सवारीसाधनहरु उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सहजीकरण गरौं ।
- विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्यको संरक्षण गरौ ।
- जेष्ठ नागरीकहरूलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र अनिवार्य रुपमा नगरपालिकामा घटना दर्ता गराऔं ।
- समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं ।
- यस नगरपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं ।
- नगरपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं ।
- राष्ट्रिय सम्पदा तथा धरोहरहरूको जर्गेना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नग पालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।



## फ्रेसवाटर इनर्जी लिमिटेडको
### २०८१/८२ को वार्षिक साधारणसभा सम्वन्धी सूचना
दोस्रो पटक प्रकाशित मितिः २०८२/०९/२१ गते

**आदरणीय शेयरधनी महानुभावहरू**
यस कम्पनीको मिति २०८२/०९/०८ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको आ.व. २०८१।०८२ को वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरूमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, स्थान र समय**
मिति : २०८२ पौष ३० गते बुधबार
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. १०, काठमाण्डौ ।
समय : विहानको ९:३० बजे ।

**छलफलका विषयहरू :**
**सामान्य प्रस्तावहरू**
१. आ.व. २०८१/०८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८१/०८२ को लेखापरिक्षण प्रतिवेदनसहितको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गर्ने सम्बन्धमा ।
३. कम्पनीको आ.व. २०८२/०८३ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमीक तोक्ने सम्बन्धमा ।
४. सञ्चालकको बाँकी कार्यकालको लागि अनुमोदन गर्ने सम्बन्धमा ।
५. विविध ।

**विशेष प्रस्तावहरू**
१. शेयर खरिद बिक्री लगायतका कम्पनीका कुनै पनि कार्यको लागि विद्युत नियमन आयोग लगायत अन्य निकायहरू संग स्वीकृती लिनु पर्ने खण्डमा उक्त कार्यको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
२. सञ्चालक समितिलाई बाधा अड्काउ फुकाउको लागि अख्तियारी सम्बन्धमा ।
३. विविध ।

संचालक समिति

साधारण सभा सम्बन्धी थप जानकारीको लागि २०८२/०९/०९ गतेको प्रभाव दैनिक हेर्नुहोला ।



## कुवेतमा रोजगार
कम्पनी : CITY TRADE GENERAL TRADING CO
पूर्व स्वीकृति मिति : २०८२/०९/१३ | LT. No. 336102 | चलानी नं. ६०२४९७२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 4 | 1 | 150 | ७०,११५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner General | 1 | 0 | 110 | ५१,४२० | | | | | | | |
| 3 | Light Driver | 2 | 0 | 160 | ७४,७९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस २८ गते (12th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Employment Link Nepal Pvt. Ltd.**
Tokha-10,Tokha Road, Samakhusi, Kathmandu, Nepal, Tel: +977-4371365, 4372698, 5900079
E-mail: elndocument@gmail.com, Website: www.employmentlinknepal.com
श्रम ईजाजत नं. २९९/०५८/०५९



## कुवेतमा रोजगार
कम्पनी : AYAR COMPANY FOR CARPENTRY AND BLACKSMITHING WORKS
पूर्व स्वीकृति मिति : २०८२/०९/०३ | LT. No. 335507 | चलानी नं. ६०२४८९७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Labour -Indoor | 12 | 0 | 90 | ४२,१४६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 15 | 0 | 120 | ५६,१९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः विदेश ट्रेनिङ सेन्टर जनकपुरमा मितिः २०८२ पुस २८ गते (12th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Index Recruitment Pvt. Ltd.**
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np
श्रम ईजाजत नं. 1543/078/079



## ओमन/साउदीमा रोजगार
कम्पनी : BLUE PLANET ENGINEERING AND TECHNICAL SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८२/०९/१७ | LT. No. 336402 | चलानी नं. ६०२४९९५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Washing & Greasing Worker | 3 | 0 | 120 | ४५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : OPERATIONAL BUSINESS GATE FOR OPERATION & MAINTENANCE CO
पूर्व स्वीकृति मिति : २०८२/०९/१८ | LT. No. 336591 | चलानी नं. ६०२५०११०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 10 | 0 | 1200 | ४६,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : CARLO GAVAZZI ARABIA CO.LTD.
पूर्व स्वीकृति मिति : २०८२/०९/१७ | LT. No. 336499 | चलानी नं. ६०२५००५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 20 | 0 | 1000 | ३८,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस २८ गते (12th Jan. 2026) मा हुनेछ ।

